# दुई शब्द

२०७४ मा सम्पन्न तीनै तहको निर्वाचन पश्चात् नेपालमा संघीयता कार्यान्वयनको अभ्यास शुरू भएको छ । नेपालको संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सह अस्तित्व र समन्वयको सिद्धान्तकमा आधारित हुनेछ भनी स्पष्ट गरेकाले संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो राजनीतिक, प्रशासनिक तथा वित्तीय अधिकार प्रयोग गर्दा एक आपसमा प्रतिस्पर्धा नगरी समानता तथा मुलुकको सार्वजनिक हितमा एक अर्कालाई परिपूरक हुने गरी व्यवस्थापन गर्नुपर्ने हुन्छ । नेपालमा संघीयता नवीन अभ्यास भएकाले शुरूका वर्षहरूमा केही अन्योलता र द्विविधाहरू देखिनु अस्वाभाविक होइन । निरन्तरको अभ्यास र कार्यान्वयनका चरणमा हुने सिकाइले संघीयता क्रमश: परिपक्व बन्दै जान्छ ।

नेपालको संविधानको धारा ११५, २०२ र २२८ ले कानुनबमोजिम बाहेक कुनै पनि तहको सरकारले कुनै पनि कर लगाउन तथा उठाउन नपाउने व्यवस्था गरी प्रतिनिधित्वबिना कर लागउनु हुँदैन (No Taxation Without Representation) भन्ने सिद्धान्तलाई आत्मसात् गरेको छ । तीनै तहका सरकारले आफूले लगाउने करका सम्बन्धमा कानुनमा स्पष्ट व्यवस्था गरेको हुनुपर्दछ, कुनै कार्यपालिकीय अधिकार प्रयोग गरेर कर लगाउन र उठाउन पाइदैन । संविधान दिएको दायराभन्दा बाहिर गएर कर लगाउने अधिकार संविधानत: कुनै पनि तहको सरकारले प्राप्त गर्दैन ।

श्री सिगासगाउँपालिकामा लगाइएका करहरूको अध्ययन तथा विश्लेषण गरी करको उपयुक्तता एवम् कुनै समस्या भएकोमा समाधानका उपाय समेत पहिल्याउनुपर्ने आवश्यकता महसुस गरी यो कार्य गरिएको हो ।

नेपाल सरकारले दिएको जिम्मेवारी पूरा गर्ने क्रममा विभिन्न स्थानमा सम्बन्धित सरोकारवालासँग गरेको छलफल, संकलन गरिएको विवरण र प्रदेश एवम् स्थानीय तहका वेबसाइटहरूका साथै अन्य सन्दर्भ सामग्रीहरूको अध्ययनका आधारमा यो प्रतिवेदन तयार गरिएको छ । सीमित समयको वाबजूद उपलब्ध तथ्यांक र अन्य विवरणहरूको यथार्थपरक विश्लेषण गरी सुझाव तयार गरिएको छ ।

सरोकारवालाहरूसँगको छलफल, विवरण संकलन र प्रतिवेदन लेखनमा सक्रिय सहयोग र योगदान गर्नुहुने श्री सिगासगाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष र सबै कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु ।

लेखनाथ ओझा

# श्रीसिगास गाउँपालिकाको संक्षिप्त परिचय

देशमा परिवर्तित राजनैतिक परिस्थीति पछिमुलुक एकात्मक शासन प्रणालीवाटसंघियतामा गई गठन भएका देशभरका ७५३ स्थानीय तहहरु मध्ये सिगास गाउँपालिका देशको सुदुरपश्चिमी भुभाग अन्तरगत सुदुर पश्चिम प्रदेशको बेतडी जिल्लाको पुर्वी भागमा अवस्थीत रहेको छ । प्राचीनकालमा ऋषिमुनि, किरात, सिद्धहरू यहा बसि तपस्या गरेकाले यो क्षेत्र धार्मिक रूपले निकै महत्वपूर्ण मानिन्छ । यस पवित्र शिवधाम शिगास स्थलको खुला हावामा आनन्द लिन पाउँदा, स्वच्छन्द रूपले टहलिदा र आध्यात्मिक चिन्तन गर्न बस्दा मानसिक ताप र असन्तोस स्वत: शिथिल बन्न पुगेको अनुभव हुन्छ । भगवान शिगासस्थलको प्रीय दर्शनले आन्नददायिक अनुभुति प्राप्त हुन्छ ।

भुपरिवेष्ठित देश नेपालको सुदूरपश्चिम प्रदेशको पश्चिम भागमा अवस्थित रहेकोब वैतडी जिल्लाको पुर्वी पहाडी भागमा यो सिगास गाउँपालिका अवस्थित रहेको छ ।

साविकका सिगास,गाजरि,ढुङ्गाड,थालाकाडा,शिवलिङ्ग,चौखाम गाविस र शिखरपुरका २ वडा मिलाएर हाल सिगास गाउँपालिका वनेको छ । रहनसहन,लवाईखवाई देखि लिएर रीतिरिवाज परम्परा,भाषा लगायत सम्पुर्ण कुरा यी ६ गा.वि.स वीच मिल्ने भएकाले यी ६ गा.वि.स समावेश गरि एक गाउँपालिको बनको हो । यस सिगास गाउापालिमा ९ वडा कायम गरि साविकको शिवलिङ्ग गा.वि.स को वडा न ४ गर्जेमा कार्यालको केन्द्र कायम गरिएको छ ।

धार्मिक पर्यटकिय द्रष्टिले हेर्दा च्वाागढ क्षेत्रको प्रशिद्ध धार्मिक स्थल सिगास मन्दिरलाई आधार मानि यस गाउँपालिकाको नाम सिगास राखिएको छ । २४५.४४ वर्ग कि.मि क्षेत्रमा फैलिएको यस गाउँपालिकाको कुल जनसत्रख्या २१५१० जना रहेको छ । समुद्र सतह देखि २२४९ मिटर उचाईमा यो गाउँपालिका रहेको छ ।

**भौगोलिक अवस्थिति :**

पूर्व : आदर्श गाउँपालिका, डोटी, केरादस्यु गा.पा. वझाङ जिल्ला

पश्चिम : सूर्नाय गा.पा. ,पाटन नगरपालिका वैतडी जिल्ला

उत्तर : वित्थड चिर गा.पा., वझाङ जिल्ला

दक्षिण : नवदुर्गा गा.पा., डडेल्धुरा जिल्ला


सिगास गाउँपालिकाको हावापानी तथा भु वनावट

**हावापानी र जलवायु :**

यस गाउँपालिकाको हावापानी उष्ण प्रदेशिय देखि लिएर समशितोष्ण प्रदेशिय हावापानी भित्र पर्दछ ।

**बनावट**

यस गाउँपालिकाको भूगोल भिरालो जमिन र धेरै जसो कडा चट्टान र वनजंगलले घेरेको छ। कुनै ठाउँमा चिम्टाईलो,पाँगो माटोका साथै धेरै कंकडयुक्त माटो पाईन्छ। त्यसैले माटोको उर्वरा शक्तिमा पनि विविधता पाईन्छ।



# सिगास गाउपलिकाका पर्यटकीय स्थानको परिचय र अवस्था





बैतडीको सिगास गाउँपालिकाको प्रमुख धरोहरको रूपले चिनिने मुख्य धरोहर हो ।"शिगास धाम। हुन त सिगास गाउँपालिकामा अन्य थुप्रै पर्यटकीय संभावनाबोकेका धार्मिक र " "कुम्भ कोकेदार ठूलो शिरको शिगास" सांस्कृतिक तथा ऐतिहासिक स्थलको पनि कमी छैन भन्ने मान्यता बोकेको यो मन्दिर धैरै धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्व बोकेको मन्दिर हो। समुन्द्री सतह बाट २२४९ मिटर उचाइमा रहेको छ । उचो डाँडामा रहेको शिब जी को मन्दिर नैसिगास मन्दिर हो । यो मन्दिर बाट हिमाल पहाड र तराईका बिभिन्न भूभाग रभारतको उत्तराखण्ड कुमाउ नैनी ताल सम्म देख्न सकिन्छ साथै उक्त मन्दिर बाटनै डडेल्धुराको उग्रतारा भगवतीकोपनि दर्शन गर्न सकिन्छ ।




जुनबेला शिगास धुरामा शिव भगवानको बास भयो परापूर्वकाल देखि नै नाम "शिरको शिगास" प्रकार २५ ले चिनिने उक्त मन्दिरको वरिपरि घनघोर जंगल छ । बिशेष गरी उक्तजङ्गलमा सम्मका जडिबुटी पाईने एक सर्वेक्षणले देखाएको छ। यतिसम्भावना रहेको सिगास मन्दिर को बिकास गर्न स्थानीय सरकारले आर्थिक वर्ष२०७७लाख खर्च गरेर मन्दिरको ५० मा ७८/ चारैतिर पर्खाल र मन्दिर भित्रप्रवेश गर्ने सिडी बनाएको छ ।

धार्मिकतथा ऐतिहासिक महत्व बोकेको शिगास मन्दिर ओझेलमा पर्ने संभावना बढिरहँदासिगास गाउपालिका र यहाका यूबाहरूले चासो देखाएका छन् । सिगासगाउपालिका स्थायी बसोबास भएका र मजदुरीको क्रममा तेस्रो मुलुकमा रही शिगासमन्दिरको विकास होस् र पर्यटन बिकास होस् भन्ने उद्देश्यले रघुवीर सिँहसाउदको अध्यक्षतामा पर्वासी सिगास बिकास मञ्च संस्था खोली शिगास मन्दिरकोनजिकै पक्की धर्मशालाको भवन निर्माण गरेका छन् ।

बैतडी जिल्लाको दुर्गमसिगास गाउँपालिकाको वडा नम्बर ४ र ८ को सिमानामा रहेको पर्यटकिय र धार्मिकस्थल श्री सिगास मन्दिर लाई देश विदेशमा "श्री शिगास धुरा धाम" चिनाउनेउद्देश्यले प्रवासी नेपाली संस्था खोली यूबाहरू लागी परिरहेका छन्।परापूर्वकालदेखि नै नामले परिचित शिगासमन्दिर शिगास धुरा धाम जीर्ण " कुमको केदार शिरको शिगास " अवस्थामा रहेको र प्रचारप्रसारको पनि अभावभएकोले यूबाहरू मन्दिर लाई देशविदेशमा चिनाउन लागि परिरहेकाछन् ।



उक्तमन्दिरको विकास गर्न एक बर्ष अघि देखि नै प्रवासी सिगास विकास मञ्च संस्थाखोली शिगास मन्दिर नजिकै पक्की धर्मशालाको निर्माण गरी श्रद्धालु भक्तजनकोसेवामा कटिबद्ध हुन् अहिले आर्थिक संकलन अभियान सुरु गरेको र धर्मशालानिर्माणको कार्य पनि सम्पन्न भइसकेको छ |



सिगासबासीको आस्थाको धरोहर शिगास मन्दिरमा बिशेश गरी कार्तिक अष्टमीका दिन ठूलोमेला लाग्ने गर्दछ । श्रावण र चैत्र महिनामा पनि पूजापाठ गरिने उक्तमन्दिरमा मेला हेर्न

सुदूरपश्चिम प्रदेशका सबै जिल्लाका श्रदालु भक्तजनहरूआउने गर्छन। साथै भारतको उत्तराखण्ड, झुलाघाट लगायतका ठाउँबाट पनि शिगासमन्दिरमा जात्रा हेर्न आउने गर्छन । बिशेश गरी निसन्तान , बाँझोपन, चर्मरोग, लगायतका अन्य रोगहरूको नाश गर्ने शक्ति शिव भगवानमा भएको भन्दैयस्तै समस्याबाट ग्रसित थुप्रै श्रदालु भक्तजनका आकाङ्क्षा पूरा गर्नेविश्वास सहित शिगास धाममा पूजाआजा गर्नेको घुइँचो लाग्ने गर्दछ ।



शिगासधाम मन्दिरको ऐतिहासिक, धार्मिक , पुरातात्त्विक महत्त्वलाई ध्यानमा राखेरपर्यटकीय आगमन बढाउन सिगास गाउँपालिकाले आगामी कार्यक्रममा समेट्ने छ । मन्दिरको डिजाइन तयार भइरहेको र आगामीआर्थिक वर्ष भित्र मन्दिर निर्माणकार्य लाई अगाडी बढाउने गाउँपालिकाको भनाइछ ।



परापूर्वकालदेखि नै शिवधाम श्री शिगासधुरा धामका रुपमा चिनिदै पुजिदै आएको / यसऐतिहासिक पवित्र धार्मिक स्थलको प्रचारप्रसार गर्न सकियो भने निकट भविष्यमाआन्तरिक तथा बाह्य पर्यटककाको केन्द्रविन्दु रहने प्रचुर सम्भावना रहेको छ। यस धार्मिक स्थल श्री शिगास धुरा धामको प्रचारप्रसार गरेर देश विदेशसम्मचिनाउनु हाम्रो कर्तव्य र ठुलो जिम्मेवारी हो । यसबाट आन्तरीक आम्दानीमा बृधि हुने छ ।



# राजस्व सम्भाव्यता अध्ययन र कर प्रणाली सुधार योजना

## *पृष्ठभूमि*



नेपालको संविधान अनुसार तीनै तहको निर्वाचन सम्पन्न भै गाउँपालिका तथा नगरपालिकाहरुको नेतृत्वको जिम्मेवारी निर्वाचित जनप्रतिनिधिहरुले लिई सकेको अवस्था छ । नेपालको वर्तमान संविधानले संघीय वित्त व्यवस्थाका मान्यता अनुसार संविधानमै स्थानीय सरकारलाई विभिन्न कर तथा गैरकरहरु लगाउने र उठाउने अधिकार दिएको छ । संविधानले प्रदान गरेको अधिकारलाई कार्यान्वयनमा ल्याउन आवश्यक पर्ने कानूनी व्यबस्था तयार गर्ने क्रममा स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४समेत जारी भैसकेको हुँदा स्थानीय सरकारको राजस्व परिचालनका लागि आवश्यक कानूनी आधारहरु केही हदसम्म तयार भएका छन् । यसका अतिरिक्त स्थानीय सरकारहरुले स्थानीय आर्थिक ऐन तर्जुमा गरी संविधानतः प्राप्त वित्तिय अधिकारको प्रयोग गर्न कर र गैरकरको दर निर्धारण गरी सबै करदाताहरुलाई करको दायरामा ल्याउने विभिन्न नीति तथा कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ ।

वि.स. २०४६ को जनआन्दोलन पश्चात नेपालमा लामो समयदेखि विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन पद्धतिको अवलम्बन गर्दै अधिकारको निक्षेपणको माध्यमद्वारा स्थानीय निकायहरुलाई अधिकार सम्पन्न तुल्याउने उद्देश्यले विभिन्न प्रयासहरु हुँदै आएको हो । यसैक्रममा स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई विकेन्द्रीकरणको संस्थागत विकासका सन्दर्भमा कोशेढुङ्गाका रुपमा लिने गरिएको थियो । सोही ऐनबमोजिम तोकिएको जिम्मेवारी पुरा गर्न तत्कालिन स्थानीय निकायहरुले

नेपाल सरकारबाट निसर्त र सशर्त अनुदानहरु प्राप्त गर्दै आएका थिए भने ऐनले तोकेको अधिकार प्रयोग गरी कर, गैरकर र राजस्व बाँडफाँटबाट स्थानीय निकायहरुले आफ्नो आन्तरिक आयको परिचालन गर्दै आएका थिए । पूँजी निर्माणका क्षेत्रमा लगानी गर्ने गरी ऋण लिन सक्ने अधिकार समेत प्रदान गरेको थियो । उत्पादनमूलक क्षेत्रका लगानी गर्दा स्थानीय तहको सेवा विस्तारमा सहयोग पुग्ने साथै आन्तरिक आय बृद्धिमा समेत बृद्धि गर्न मद्दत पुग्ने गरेको पाईन्छ ।

मुलुक संघीय गणतन्त्रात्मक संरचनामा प्रवेश गरी जनताको सबैभन्दा नजिकको भनेर मानिने स्थानीय सरकारको निर्वाचन पछि जनताका आकांक्षा र चाहनाहरुमा उल्लेख्य बृद्धि भएको अवस्था छ । यस अवस्थामा स्थानीय सरकारहरुले आ-आफ्नो जिम्मेवारी पुरा गर्न र जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक छ । अतः स्थानीय सरकारको बढ्दो खर्च धान्नका लागि र उनीहरुको वित्तीय सामर्थ्य बृद्धि गर्नका लागि आन्तरिक राजस्व परिचालन क्षमतामा बृद्धि गर्नुअपरिहार्य छ । किनकी संघीय र प्रदेश सरकारको अनुदानमा मात्र निर्भर भएर स्थानीय सरकारहरुले आफ्नो जिम्मेवारी पुरा गर्न नसक्ने र वित्तीय स्वायत्तताको अनुभूति समेत गर्न नसक्ने अवस्था रहन्छ । तसर्थ राजस्व सुधार कार्ययोजनाले स्थानीय सरकारहरुको वित्तीय सम्भावना र क्षमताको पहिचान गर्न समेत सहयोग गर्दछ र तथ्यांकमा आधारित भै प्रक्षेपण गरिएको आन्तरिक आयको संकलन गर्न समेत गाउपालिकालाई सहयोग पुर्‍याउँदछ ।

राजस्व सुधार कार्ययोजनामा(Revenu Improvement Action Plan-RIAP) वर्तमान वित्तीय अवस्था, राजस्व क्षमता र राजस्व परिचालनका वर्तमान अवस्था, समस्याहरु, समाधानका लागि अवलम्बन गर्नुपर्ने सुझावहरु समेत समावेश गरिएको छ ।

राजस्व सुधार कार्ययोजनाले पहिचान गरेका समस्याहरुको समयमानै समाधान गर्दै कार्ययोजनाले निर्दिष्ट गरेका क्रियाकलापहरु सञ्चालन गर्न सकेमा यस कार्ययोजनामा गरिएको वित्तीय प्रक्षेपणलाई यथार्थमा परिणत गर्नसकिने छ ।

## *अध्ययनको उद्देश्य*

यस अध्ययनको समग्र उद्देश्य आन्तरिक राजस्वको विद्यमान अवस्थाको समिक्षा गर्ने र आन्तरिक स्रोत परिचालनको सम्भावनाहरुको विश्लेषण गरी आगामी तीन आर्थिक बर्षको आन्तरिक आयको प्रक्षेपण सहितको राजस्व सुधार कार्ययोजना तयार गर्नु रहेको छ । यो उद्देश्य प्राप्त गर्न देहाय अनुसारका विशिष्ट उद्देश्यहरु तय गरिएका छन् :

- स्थानीय तहको आय अधिकार तथा राजस्व सुधार कार्ययोजना सम्बन्धमा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु तथा राजस्व प्रशासनमा संलग्न कर्मचारीहरु, उद्योग व्यवसायी र अन्य सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने ।
- विगत २ आर्थिक बर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय बृद्धिका थप सम्भावनाहरु पहिचान गरी राजस्व सुधारका उपायहरुको खोजी गर्ने ।

- आन्तरिकराजस्व परिचालनको क्षमताको आंकलन गरी सुधारका लागि गर्नुपर्ने कार्यहरु सुझाउने ।
- मौजुदा राजस्व प्रशासनको विश्लेषण गर्ने र सुधारका लागि आवश्यक सुझावहरु पेशगर्ने ।
- आगामी ३ आर्थिक बर्षका लागि राजश्वको प्रक्षेपण गर्ने ।

## *अध्ययनको औचित्य*

नेपालको संविधान र विभिन्न संघीय कानूनहरुमा स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी प्रावधानहरुको व्यवस्था गरिएका छन् । गाउपालिकाका नवनिर्वाचित जनप्रतिनिनिधिहरुलाईगाउपालिकाको वित्तीय अधिकार सम्बन्धी संवैधानिक र कानूनी प्रावधानका बारेमा अझ बढी स्पष्ट हुन र राजस्व सुधार कार्ययोजनाको महत्व बुझ्न यो कार्यक्रम उपयोगी भएको विश्वास गरिएको छ । राजस्व सुधार कार्ययोजनाले यस गाउपालिकाको राजस्व क्षमताको पहिचान गर्न समेत महत्वपूर्ण भूमिका निर्वाह गरेकोछ । साथै यस अध्ययनबाट तयार गरिएको राजस्व सुधार कार्ययोजना नेपाल सरकार र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको लागि स्थानीय तहहरुलाई उपलब्ध गराउने समानीकरण अनुदान सम्बन्धी मापदण्ड र आधारहरु तयार गर्न सन्दर्भ सामाग्रीको रुपमा उपयोगी हुन सक्ने अपेक्षा गरिएको छ ।

## *अध्ययनको विधि तथा क्षेत्र*

यस राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यका लागि यससँगसम्बन्धित विभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरुको विकास,समावेशी र सहभागितामूलक छलफल, परिचयात्मक बैठक तथा अभिमुखीकरण कार्यक्रम, कार्यशाला गोष्ठीको आयोजना,तथ्याङ्क संकलन तथा विश्लेषण जस्ता विधि र प्रक्रियाहरु अवलम्बन गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरुको संक्षिप्त व्याख्या तल गरिएको छ ।कार्यालयका जिम्मेवार व्यक्तिहरुसँग समेत भेटघाट गरी आवश्यक सूचना लिने तथा परामर्श गर्ने काम गरिएको थियो ।

## *सन्दर्भ सामाग्री संकलन तथा अध्ययन*

अध्ययन कार्यको प्रथम चरणमा विज्ञ समूहबाट विभिन्न स्रोतहरुबाट सन्दर्भ सामाग्रीहरुको संकलन तथा तिनीहरुको पुनरावलोकन गरिएको थियो । अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सामग्रीहरु देहायअनुसार रहेका छन् :

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४
- आ.व. २०७५/०७६ को योजना,नीति बजेट तथा कार्यक्रम,

- आ.व. २०७४/०७५ को योजना,नीति बजेट तथा कार्यक्रम,
- आ.व. २०७३/०७४ को योजना,नीति बजेट तथा कार्यक्रम,
- आ.व. २०७७/०७८ को आर्थिक ऐन, २०७७,
- आर्थिक विधेयक, २०७७
- केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७७
- अन्तरसरकारी वित्तिय हस्तान्तरण आ. व. २०७७/०७८ (प्रदेश तथा स्थानीय तह) ।

### *तथ्याङ्क/सूचना संकलन फारम तथा चेकलिष्ट (जाँचसूची) विकास*

आवश्यक सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा विश्लेषण पश्चात् विज्ञहरुको टोलीबाट तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरुको विकास गरिएको थियो । सूचना संकलन फारमलाई अन्तिम रुप दिन यस कार्यमा सम्लग्न विज्ञहरु बीच आवश्यक छलफल र अन्तरक्रिया समेत गरिएको थियो । सूचना संकलनका लागि तयार गरिएको फारमहरु निम्न अनुसारहेका छन् ।

(क) गाउपालिकाको परिचयको लागि आवश्यक आधारभूत र संस्थागत सूचना तथा मुख्य पदाधिकारीहरुसँगको परामर्शका छलफल गरिएको थियो । संक्षिप्त परिचय, गठन, राजस्व प्रशासनको अवस्था र विगत २ आर्थिक बर्षको राजस्व परिचालनको स्थितिबारे जानकारी लिने उद्देश्यले यो फारमको प्रयोग गरिएको थियो ।

(ख) राजस्वका शिर्षकगत समुह छलफलका लागि आवश्यक सूचनासँग सम्बन्धित फारम रहेको छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएअनुसारका कर र गैरकरहरुको शिर्षकगत रुपमा वर्तमान समस्याहरु, सम्भावना, समाधानका लागि गर्नुपर्ने उपायहरु र जिम्मेवार निकायको पहिचान र कार्यान्वयनको समयावधीका बारेमा समूहगत रुपमा छलफल गर्नका लागि यो फारम प्रयोगमा ल्याईएको थियो । आवश्यक आधारभूत र संस्थागत सूचना संकलनका लागि तयार गरिएका फारमहरु सम्बन्धित स्थानीय तहहरुलाई इमेल एवम् व्यक्तिगत तवरबाट उपलब्ध गराईएको थियो ।

### *तथ्याङ्क/सूचना संकलन*

अध्ययनका क्रममा गाउपालिकाका पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत, कार्यालयका लेखा र राजस्व शाखाका कर्मचारीहरुसँग छलफल गरी आधारभूत तथ्याङ्क एवं सूचनाहरु संकलन गरिएकोथियो । यस क्रममा निम्न तथ्याङ्क एवम् सूचनाहरु संकलन गरिएकोथियो ।

- *गाउपालिकाबारे संक्षिप्त जानकारी,*
- *वर्तमान राजस्व प्रशासनको अवस्था (संगठन संरचना, कर्मचारी, राजस्व असुली तथा भौतिक सुविधा आदि),*
- *राजस्वपरिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु,*
- *आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दरसम्बन्धी विस्तृत विवरण,*

- *आन्तरिक आय संकलनको सम्भावित नयाँ क्षेत्रहरु सम्बन्धी तथ्याङ्क तथा सूचना ( सम्बन्धित तथ्याङ्क, सरोकार पक्षहरुसंग छलफल, स्थलगत भ्रमण तथा अवलोकन),*

### *प्रतिवेदन तयारी*

विभिन्न स्रोतहरु र कार्यशालाहरुबाट प्राप्त सुचना तथा सुझावहरुको आधारमा यो प्रतिवेदन तयार गरिएको हो । यस प्रतिवेदनमा गाउपालिकाको राजस्व कार्ययोजना, ३ आर्थिक वर्षहरुका लागि गाउपालिकाकालागि आय प्रक्षेपण समावेश गरिएको छ। यो प्रतिवेदन तयार गर्दा निम्न प्रक्रियाहरु अवलम्बन गरिएको छ।

#### **मस्यौदा प्रतिवेदन तयारी**

सर्वप्रथम अध्ययनका क्रममा विभिन्न स्रोतहरुको पुनरावलोकन, गाउपालिकाबाट प्राप्त अभिलेखहरुको अध्ययन र गाउपालिकामा आयोजना गरिएको कार्यशाला गोष्ठीबाट प्राप्त सुझाव र सल्लाहका आधारमा प्रारम्भिक मस्यौदा प्रतिवेदन तयार गरिएको थियो।

#### **मस्यौदा प्रतिवेदनबारे सुझाव संकलन**

यसरी तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदनलाई सम्बन्धित पक्षहरुगाउपालिकाकोकार्यालय,गाउपालिकाका पदाधिकारीहरुसमक्ष प्रस्तुत गरी आवश्यक सुझावहरु तथा पृष्ठपोषण संकलन गरिएको थियो । त्यहाँबाट प्राप्त सुझावहरुलाई मस्यौदा राजस्व सुधार कार्ययोजनामा समावेश गरिएको थियो।

#### **अन्तिम प्रतिवेदन तयारी**

गाउपालिकाका पदाधिकारीहरु, राजश्व परामर्श समितिका पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत , राजश्वसँग सम्बन्धित कर्मचारी आदिबाट प्राप्त सुझावहरु समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको थियो।

### *अध्ययनको सीमा*

गाउपालिकाको लागि तयार गरिएको यस राजस्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिएको छ।

- योअध्ययनगाउपालिकाबाट प्राप्त अभिलेख तथा दस्तावेज, गाउपालिकाका पदाधिकारीहरु तथा सम्बन्धित कर्मचारीहरु र अन्य सरोकारवालापक्षहरुसँग गरिएको छलफल र कार्यशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको हो ।
- राजस्व प्रक्षेपण गर्ने क्रममा करदाताको संख्या सम्बन्धी आधिकारिक आधार तथ्याङ्क प्राप्त हुन नसकेको अवस्थामा सहभागीहरुद्धारा उपलब्ध भएको सूचनालाई आधार मानिएको छ।
- छलफलमा प्राप्त सुझाव अनुसार वर्तमान करका दरहरु यथावत राखी सोही बमोजिम आगामी चार आर्थिक बर्षको राजश्व आयको प्रक्षेपण गरिएको छ।

## उपलब्धि:(Outcomes )

१। गाउपालिकाको आन्तरिक राजस्वका श्रोतहरू पहिचान गरि प्रक्षेपण गर्न सक्षम
२। गाउपालिकाको आन्तरिक राजस्व बृद्धि गर्नका लागि गर्नु पर्ने क्रियाकलापहरूको स्थिति बिश्लेषण
३। गाउपालिकाको र सरोकारवालाहरू वीच अन्तर सम्बन्धमा बृद्धि गर्न सचेत तथा प्रोत्साहन गरी राजस्व प्रक्षेपण तथा परिचालनमा सहभागीताको बृद्धि ।
४। गाउपालिकाको आफ्नो विकास निर्माणका क्रियाकलापहरूमा आन्तरिक श्रोतका उपलब्धता बढाउने क्षेत्रको पहिचान ।
५। प्रक्षेपित र यथार्थ आयमा आउन सक्ने भिन्नतामा कमी ।
६। गाउपालिकाको आन्तरिक आय १०% देखि ३०% को दरले बृद्धि हुने गरी क्रियाकलापहरू प्रस्ताव ।
७। सरोकारवाला संघ संस्थाहरूको गाउपालिकाकोको आन्तरिक आयमा बृद्धि गर्ने सम्बन्धमा आफ्नो उत्तरदायित्व बोध हुने गरी कार्यक्रम संचालन गर्ने सम्बन्धमा ध्यान दिईनेछ ।
८। गाउपालिका श्रोत साधन सम्पन्न र आत्म निर्भरता तर्फ लाग्ने अपेक्षा ।

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का व्यवस्थाहरू

१. स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ९ मा गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्रको बारेमा उल्लेख गरेको छ ।

२. ऐनको दफा ५४ मा कानुनबमोजिम बाहेक गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा कर लगाउन र उठाउन नपाउने व्यवस्था गरिएको छ ।

३. ऐनको दफा ५५ देखि ६१ सम्म सम्पत्ति कर, भूमि कर (मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल बिटौरी शुलक, पर्किङ शुल्क, जडिबुटी, कवाडी र जीवजन्तु करका बारेमा र दफा ६२ मा सेवा शुल्कको विषयमा उल्लेख गरिएको छ ।

४. ऐनको दफा ६५ मा स्थानीय राजस्व परामर्श समितिको व्यवस्था गरिएको छ । यस समितिले राजस्व सम्बन्धी नीति तथा कानुनको तुर्जमा, संशोधन, परिमार्जनको सम्बन्धमा आवश्यक परामर्श दिने, राजस्वका दायरा र दरको विश्लेषण गरी स्थानीय उद्योग तथा व्यवसायको प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने, कर राजस्व सुधारका लागि आवश्यक परामर्श दिने कार्य गर्दछ ।

५. संघीय आर्थिक ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ लाई संशोधन गरी एकीकृत सम्पत्ति करको स्थानमा सम्पत्ति करको व्यवस्था गरेको छ । नयाँ व्यवस्था अनुसार गाउँपालिका तथा नगरपालिका आफ्नो

क्षेत्रभित्रको घर र घरले चर्चेको (Plinth Area) जग्गामा सम्पत्ति कर लगाउने व्यवस्था गरेको छ । यसमा चर्चेको जग्गा भन्नाले भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा वा ५४७२ वर्ग फिट जग्गामध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनुपर्दछ भनी उल्लेख गरेको छ । सो दफामा बाँकी रहेको जग्गा भूमि कर ( मालपोत) लगाउने व्यवस्था गरेको छ । साथै सम्पत्ति कर लगाउँदा घर र जग्गाको आकारप्रकार र बनोट, घर र जग्गाको प्रचलित बजार मुल्य तथा घरको हकमा ह्रासकट्टी र घरजग्गाको व्यापारिक वा आवासीय उपायेगको अवस्थालार्य आधार मान्नुपर्ने भनी उल्लेख गरिएको छ ।

६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफ ११(४) को खण्ड (झ) ले प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानुन, मापदण्ड तथा नियमन र प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको संकलन गर्ने अधिकार गाउँपालिका तथा नगरपालिकालाई प्रदान गरेको छ ।

७. ऐनको दफा ६६ मा गाउँपालिका तथा नगरपालिकाका सम्बन्धित प्रमुखको संयोजकत्वमा उपाध्यक्ष वा उपप्रमुख सदस्य, कार्यपालिकाकासदस्यहरूमध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेको ४ जना सदस्य र प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले व्यवस्था गरिएको छ । यो समितिले मुख्य रूपमा आन्तरिक आय प्रक्षेपण गर्दछ ।

श्री सिगास गाउँपालिकाको स्थानीयस्रोतको परिचालनमा सक्षम र प्रभावकारी बनाउन तथा संविधान तथा कानूनद्धारा प्रदत्त राजस्व अधिकारको उपयोग गर्दै स्थानीय कर संकलन र व्यवस्थापनमा आत्मनिर्भर बनाउन आवश्यक छ ।

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार कर लगाउन सक्ने गरी प्रदान गरेको अधिकारलाई कार्यान्वयनमा ल्याउन र कर व्यवस्थापन प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित बनाउन आवस्यक छ ।

गाउपालिकाले कर संकलनका लागि गाउपालिकाको आफ्नै स्रोत र प्रयासबाट गाउपालिका क्षेत्रमा रहेका करका लगत तयारी तथा अद्यावधिक गर्न स्थलगत सर्वेक्षण विधि वा करदाता स्वयंले उपलब्ध गराएको विवरणका आधारमा राजश्व सुधार कार्य योजना बनाउन लागिएको छ ।

गाउँपालिकाले कुनै एक आर्थिक बर्ष वा सो भन्दा बढी अवधिका लागि गाउपालिकालाई प्राप्त हुन सक्ने राजस्व रकमको पूर्वानुमान गर्ने कार्यलाई गाउपालिकाको राजस्व प्रक्षेपण भनिन्छ । राजस्व प्रक्षेपण गर्दा गाउपालिकालाई प्राप्त हुने सम्पूर्ण  राजस्वका श्रोतहरू

जस्तो नेपाल सरकारका बिभिन्न निकाय तथा स्वदेशी तथा विदेशी संघ संस्था र दातृ समुदायबाट प्राप्त हुने अनुदान, कानुन बमोजिम विभिन्न आन्तरिक स्रोतहरूबाट उठाउन सकिने कर, सेवा शुल्क,दस्तुर तथा अन्य रकमहरूको यथार्थपरक अनुमान गर्नु पर्दछ ।

राजस्वका स्रोत र सोबाट उठाउन सकिने रकमलाई यथार्थपरक तथा प्रभाबकारी बनाउन राजस्व प्रक्षेपण गरिन्छ । स्थानीय सरकार संचालन ऐन,२०७४ द्धारा गाउपालिकालाई प्रदान गरिएको स्रोत परिचालन गर्ने अधिकार बमोजिम स्थानीय स्तरमा संकलन गर्ने आयलाई गाउपालिकाको आन्तरिक आय भनिन्छ । यस अन्तर्गत जडिबुटी कर,जिवजन्तू कर,सवारी कर,सम्पत्ती कर जस्ता करहरू पर्दछन् ।

## राजस्व प्रक्षेपण गरिएको समय

राजस्व प्रक्षेपण कार्य २०७५ भाद्र देखिको अध्ययन, अवलोकन भ्रमण, अन्तर्वार्ता, प्रश्नावली सर्बेक्षण तथ्याङ्क विश्लेषणको कार्यगरी २०७७ चैत्रमसान्त सम्मको अध्ययन प्रतिबेदन पेश गरिएको छ ।

## अध्ययनका लागि लिइएका सैद्धान्तिक आधारहरू

१। अध्ययन कर्ताले आफ्नो सुझावहरू सम्भव भएसम्म करको दायरा फराकिलो पार्ने र करको दर सानो राख्नुपर्दछ भन्ने मान्यतामा आधारित गरेको छ ।

२। प्रतिवेदन आफ्नो क्षेत्राधिकारभित्रको विषयमा करका दर निर्धारण गर्ने कर लगाउने अधिकार सम्बन्धित तहको स्वायत्त अधिकार हो भन्ने मान्यतामा आधारित छ ।

३। करहरू स्थानीय तहको राजस्व बढाउने स्रोतको रूपमा मात्र नलिएर यसलाई स्थानीय आर्थिक विकासको उत्प्रेरक र जवाफदेहिता तथा सक्षमता अभिवृद्धि गर्ने माध्यमको रूपमा लिनुपर्ने तथ्यमा आधारित भएर सुझावहरू प्रस्तुत गरेको छ ।

४। नेपालको संविधानले तीन तहका सरकारहरूलाई राजस्व अधिकारहरू वितरण गर्ने क्रममा एकल अधिकारको माध्यमद्वारा राजस्व स्वायत्तताको अवधारणालाई आत्मसात् गरेकोले स्थानीय तहलाई संविधान र कानुनले तोकेको एकल राजस्व अधिकार स्थानीय तह बाहेक अन्य तहको सरकारले उपयोग गर्न नसक्ने हुँदा ती अधिकार स्थानीय तहले नै प्रयोग गर्नु पर्दछ भन्ने मान्यतालाई स्वीकार गरिएको छ ।

५। कर तिर्न सक्ने क्षमताका आधारमा कर लगाउने (Principle of ability to pay) करको विश्वव्यापी सिद्धान्तलाई स्थानीय तहले लगाउने कर, दस्तुर तथा शुल्कको दर निर्धारण गर्दा सेवा प्रवाहको लागत, करदाताको सामर्थ्य, उपलब्ध गराइने सेवा र सेवाको गुणस्तरलाई आधार मान्नुपर्दछ भन्ने तथ्यलाई स्वीकार गरिएको छ ।

# प्रदेश तथा स्थानीय करका सम्बन्धमा भएका संवैधानिक तथा कानुनी व्यवस्था

१। संविधानको अनुसूची ९ ले सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना, पर्यटन शुल्क तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीलाई संघ, प्रदेश तथा स्थानीय तहका साझा अधिकार सूचीमा समावेश

२। उपरोक्त ऐनको तथा ३(३) ले स्थानीय तहलाई सम्पत्ति कर, घर बहालकर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर गरी आठ प्रकारका कर तथा सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना जस्ता गैर करहरू लगाउने र उठाउने अधिकार दिएको छ ।

३। ऐन दफा ३ (४) मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले प्रचलित कानुन बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको दण्ड जरिवाना उठाउनेछ भनी उल्लेख गरिएको छ ।

४। ऐनको ३ (५) मा प्रदेश तथा स्थानीय तहले कर लगाउदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरी लगाउनु पर्ने व्यवस्था गरिएको छ । यसबाट सरकारका तीनै तहले कर लगाउँदा बजारलाई प्रतिकूल प्रभाव पार्न नहुने र वस्तु तथा सेवाको ओसारपसारमा Negative Externalities सिर्जना गर्न नहुने स्पष्ट हुन्छ ।

५। ऐनको दफा ४ मा नेपाल सरकार, प्रदेश सरकार, प्रदेश र स्थानीय तहले वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार कार्यलाई आधार मानी गैर करका दर निर्धारण गर्नु पर्ने व्यवस्था गरिएको छ ।

६। ऐनको दफा ५ ले प्रदेश तथा स्थानीय तहका साझा कर अधिकारको लागि एकल कर प्रशासनको व्यवस्था गरेको छ । यसले सवारी साधन करका दर प्रदेशले लगाउने र उठाउने तर टाँगा, अटो रिक्सा र विद्युतीय रिक्सामा सवारी साधनको करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउन पाउने स्पष्ट व्यवस्था गरेको छ । सोही दफामा घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँ/नगरपालिकाहरूले उठाउने र विज्ञापन करको दर गाउँ/नगरपालिकाहरूले लगाउने र उठाउने व्यवस्था गरेको छ । यसरी उठेको रकम उठाउने तहलाई ६० प्रतिशत र पाउने तहलाई ४० प्रतिशत हुने गरी बाँडफाँड हुने व्यवस्था गरिएको छ ।

७। ऐनको दफा ७ मा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँडको व्यवस्था गरिएको छ । यस अनुसार नेपाल सरकारले पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँड गर्दा नेपाल सरकारलाई ५० प्रतिशत, सम्बन्धित प्रदेशलाई २५ प्रतिशत र सम्बन्धित स्थानीय

तहलाई २५ प्रतिशतका दरले बाँडफाँट गर्ने व्यवस्था गरेको छ । नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको बाँडफाँट र वितरण गर्नुपर्ने व्यवस्था समेत गरएको छ ।

८। ऐनको दाफ ३१ मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आय व्ययको वर्गीकरण तथा लेखांकन नेपाल सरकारले निर्धारण गरेबमोजिम गर्नुपर्नेछ भनी उल्लेख गरिएको छ । यसबमोजिम नेपाल सरकारले स्थानीय तहको आय र खर्चको लागि स्थानीय तहको वित्त व्यवस्थापन नियमावली बनाइ एकरूपता प्रदान गर्न सक्ने देखिन्छ । साथै प्रदेश तथा स्थानीय तहहरूले नेपाल सरकारले तोकिएको लेखा मापदण्डको पालना गर्नुपर्ने देखिन्छ ।

९। ऐनको दफ ३२ ले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आय र व्ययको आवधिक विवरण नेपाल सरकारले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था गरेको छ ।

१०।ऐनको दफा ३४ मा नेपाल सरकारले वित्तसम्बन्धि विषयमा आफैं वा प्रदेश मार्फत् स्थानीय तहलाई निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गुर्न सम्बन्धित प्रदेश वा स्थानीय तहको कर्तव्य हुने व्यवस्था रहेको छ ।

## सुझावहरू

## राजस्व अधिकारको उपयोग

१। नेपालको संविधानद्वारा स्थानीय तहलाई प्रदान गरिएको कार्य जिम्मेवारी तथा तोकिएको राजस्व अधिकारलाई विश्लेषण गर्दा विगतमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम तत्कालीन स्थानीय निकायलाई प्रदान गरिएका अधिकार र हालको स्थानीय तहलाई प्रदान गरिएका राजस्व अधिकारमा खासै भिन्नता पाइदैन। विगतमा नगरपालिका र गाउँ विकास समितिहरूले आफूलाई प्राप्त राजस्व अधिकारको पूर्ण उपयोग नगरेको भएता पनि हाल निर्वाचित स्थानीय सरकारले पहिलो पटक यस्तो अधिकारको उपयोग गर्न प्रारम्भ गरेको सबै स्थानीय तहले आफूले लगाएको कर तथा सेवा शुल्कको विषयमा करदातालाई विभिन्न माध्यमद्वारा तत्काल सुसूचित गर्नुपर्ने देखिएको छ ।

२। संविधान र प्रचलित कानुनले प्रदान गरेको राजस्व अधिकारको पूर्ण उपयोग गर्न सक्ने गरी क्षमता विकास गर्न र राजस्व सुधार योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

## व्यवसाय कर सम्बन्धमा

१। व्यवसाय करका सम्बन्धमा सरोकारवालासंग पर्याप्त छलफल गरी देखिएका जनगुनासाहरूको सम्बोधन गर्नुका साथै यससम्बन्धी अन्योल हटाउन तथा सोको आधारमा उपयुक्त र न्यायोचित दर निर्धारण गरी व्यवसायको प्रकृति र लगानीको आधारमा व्यवसायको वर्गीकरण, व्यवसाय दर्ता र सालबसाली नवीकरणमा मात्र यस्तो कर लगाउने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

२। पुरानो बक्यौता रहेको व्यवसाय कर मिन्हा दिदै जाने गरेको कारण व्यवसायीहरू करको दायरामा नआउने प्रवृत्ति बढ्दै जाने र नियमित कर तिर्ने करदाताप्रति न्याय समेत नहुने अवस्था देखिएकोले यस्तो कर छुट पद्धतिलाई निरूत्साहन र नियन्त्रण गर्ने ।

३। स्थानीय तहमा दर्ता हुने व्यवसाय कर तथा यसको कर प्रशासनमा सहजात र सरलताका लागि व्यवसाय दर्ता, नवीकरण, खारेजी तथा व्यवसाय कर निर्धारण सम्बन्धी मापदण्डसहितको विस्तृत कार्यविधि तयार गरी कार्यान्वयनका लागि पठाउँदा व्यवसाय करमा एकरूपता कायम गर्ने ।

## पटके सवारी कर तथा सवारी साधन कर सम्बन्धमा

१। सवारी साधन कर प्रदेश कानुनले तोके बमोजिम प्रदेशले उठाउने र बाँडफाँट गर्ने कानुनी व्यवस्था भएकोमा केही कानुन विपरीत हुने सवारी साधन कर तथा सोसँग जोडिएका सबै करहरू तत्कार खारेज गर्ने ।

## व्यक्तिगत घटना दर्ताको शुल्क

१। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदाफ (२) को खण्ड (च) को उपखण्ड (३) ले जन्म, मृत्यु, विवाह, सम्बन्धबिच्छेद, बसाइसराइको अधिकार स्थानीय तहलाई दिएता पनि नेपालको संविधानको अनुसूची ९ मा व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र यसको तथ्यांक सम्बन्धी कार्य तीनै तहको सरकारको साझा अधिकार सूचीमा राखेकाले यस सम्बन्धी कार्यहरू गर्दा स्थानीय तहले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ पालना गर्नुपर्ने देखिन्छ । यस ऐनले घटना दर्ता गर्दा लाग्ने शुल्क तथा जरिवाना निर्धारण गरिसकेकाले यस ऐनको प्रावधान विपरित शुल्क निर्धारण गर्ने अधिकार गाउँपालिकासँग नभएकाले सो कानुनको पालना गर्ने ।

## सेवा शुल्क, दस्तुर सम्बन्धमा

१। स्थानीय तहबाट प्रदान गरिने सेवाको शुल्क तोक्दा सेवाको लागत र प्रशासनिक खर्च सोही शुल्कबाट पूरा गर्ने प्रयास गर्ने । स्थानीय तहले प्रदान गरेको सेवामा लागतका आधारमा सेवाशुल्क लिन सक्ने देखिएता पनि सेवा नै प्रदान नगरेको विषयमा पनि शुल्क लिने गरेको हुँदा सेवा प्रदान नगरेको विषयमा शुल्क लिने गरेको हुँदा सेवा प्रदान नगरेको विषयमा शुल्क लिन पाउने व्यवस्था नरहेकोले सेवाशुल्क दस्तुर निर्धारणमा आसपासका स्थानीय तहलाई हेरी लगाउने ।

२। सेवाको लागतका आधारमा सेवाशुल्क निर्धारण गर्ने ।

## घरजग्गा बहाल कर सम्बन्धमा

१। घर बहाल करको दर निर्धारण वर्गीकरणका आधार र संचालन कार्यविधिहरू समेटी मापदण्ड र कार्यविधि कानुनको नमूना तयार गर्ने ।

२। घरबहाल कर सम्बन्धी तथ्यांक संकलन गर्ने ।

## सम्पत्ति कर सम्बन्धमा

१। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को साविकको दफा ५५ ले २०७५ श्रावण १ देखि घरजग्गा करको सट्टामा सम्पत्ति करलाई लगाउने व्यवस्था गरेको हुँदा स्थानीय तहको कानुन संशोधन गरी सम्पत्ति करलाई आफ्नो कुल सम्पत्ति करको रूपमा निरन्तरता दिनु उपयुक्त देखिन्छ ।

२। सम्पत्तिको मूल्यांकन र करको दरलाई वैज्ञानिक बनाउन सम्पत्तिको परिभाषा, मूल्यांकन पद्धति, ह्रासकट्टी र करका दर आदि विषयमा नमूना कार्यविधि मार्फत् एकरूपता कायम गर्ने ।

### ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माण जन्य वस्तुमा लगाइने करको सम्बन्धमा

१। ढुंगा, गिट्टी, बालुवा जस्ता प्राकृतिक स्रोतको उपयोग र व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्थाको कमी रहेको र व्यक्तिको निजी जग्गा रहेको ढुंगा, गिट्टी, बालुवा, माटो, पानी जस्ता प्राकृतिक स्रोत (Non renewable natural resources) को उपयोग अधिकार सम्बन्धमा समेत स्पष्ट कानुनी व्यवस्था कायम गर्ने ।

२। नदीजन्य पदार्थ तथा खानीबाट निस्कने ढुंगा, गिट्टी, बालुवालाई घाटगद्दी गरेर मात्र बिक्री गर्ने प्रणाली विकास गर्ने र ठेक्का अवधि सकिएपछि घाटगद्दीमा रहने पदार्थ स्वत: गाउँपालिकाको हुने व्यवस्था तत्काल कार्यान्वयनमा ल्याउनुपर्ने ।

## दस्तुर

१। स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने दर्ता अनुमति (स्थानीय रेडियो स्टेशन, पत्रपत्रिका, निर्माण व्यवसाय, विद्यालय स्थापना आदि) प्रदान गर्दा लिइने दस्तुरको निश्चित अवधिको मापदण्डका कार्यविधि तयार गर्ने ।

२। डकर्मी, सिकर्मी, कालिगढ, मिस्त्री, इलेक्ट्रिसियन, भवनको नक्सा निर्माण, भवन निर्माणको सुपरीवेक्षण आदि सीपयुक्त पेशामा क्रमिक रूपमा लाइसेन्स प्रणाली लागु गरी लाइसेन्स प्राप्त व्यक्तिले मात्र सो कार्य गर्न पाउने गरिएमा पेशागत कार्यको गुणस्तर वृद्धि हुने र यसको पटके दस्तुरबाट स्थानीय तहको आयस्रोत पनि हुनसक्ने देखिएकोले लाइसेन्स प्रणालीतर्फ जाने ।

## भवन निर्माण अनुमति दस्तुर

१। भवन निर्माण दस्तुर निर्धारण गर्दा भवन एने, २०५५ अनुसार क, ख, ग र घ वर्ग तथा यसलाई पनि आवासीय, व्यवसायिक, औद्योगिक र सार्वजनिक भवनमा वर्गीकरण गरी अलग अलग प्रकृतिका भवनलाई अलग अलग दस्तुर लिन उपयुक्त देखिन्छ । घ वर्गका आवासीय भवन निर्माण गर्दा एकमुष्ट सामान्य दस्तुर मात्र लिन उपयुक्त हुने ।

## एकल स्थानीय कर प्रणालीको शुरूवात गर्ने

१। हाल नेपाल सरकारले आर्थिक समृद्धिको विषयलाई उच्च प्राथमिकतामा राखेको हुँदा यसका लागि लगानी मैत्री वातावरण सिर्जना गर्नुपर्ने देखिएको छ । स्थानीय प्रणालीलाई सरल, सहज र पूर्वानुमानयोग्य बनाउन सकियो भने लगानीको वातावरणलाई अनुकुल बनाउन सकिन्छ । यस अनुसार स्थानीय तहले लगाउने सम्पत्तिकर, भूमि कर, घरजग्गा बहाल कर, व्यवसाय कर, जडिबुटी, जीवजन्तु, कवाडी करलाई एकीकरण गरी यसको स्थानमा एक मात्र स्थानीय कर लगाउने प्रणाली शुरूवात गर्नु उपयुक्त देखिन्छ ।

## करको नक्शांकन प्रणाली शुरूवात गर्ने

१। भू सूचना प्रणालीमा आधारित रही आफ्ना करदाताहरूको नक्शांकन गर्न सकेमा कर अभिलेख प्रणाली व्यवस्थित हुने र कर प्रणालीमा आवद्ध गर्न समेत सकिने हुँदा यसस्तो प्रणाली अवलम्बन गर्ने ।

## आन्तरिक आयको परिचय

स्थानीय सरकार संचालन ऐन २०७४ को परिचछेद ९ ले आन्तरिक आय शिर्षक अन्तर्गत सम्पत्ती कर,मालपोत तथा भुमि कर,बहाल कर, ब्यवसाय कर, जडिबुटी कर,जिवजन्तू कर,सवारी कर,बिज्ञापन कर,सेवा शुल्क, दस्तुर ,पार्किङ शुल्क,बहाल बिटौरी कर,मनोरन्जन कर,पर्यटन शुल्क जस्ता करहरू पर्दछन् । यसर्थ राजस्व प्रक्षेपणको सन्दर्भमा उक्त आय शिर्षक व्याख्यालाई आधार मानी आन्तरिक आयको प्रक्षेपण र विश्लेषण गर्नुपर्ने हुन्छ ।

# श्री सिगासगाउँपालिकाका आयका श्रोतहरू

स्थानीय सरकार संचालन ऐन २०७४ तथा संबिधान अनुसार गाउँपालिकाको आय स्रोतमा नेपाल सरकार बाट प्राप्त हुने समानिकरण अनुदान,राजश्व बाडफाड,शर्शत अनुदान, बिशेष अनुदान,समपुरक अनुदान घर जग्गा रजिष्ट्रेशन लगायत अन्य बिभिन्न निकाय तथा स्वदेशी तथा विदेशी संघ संस्था र दातृ समुदायबाट प्राप्त हुने अनुदान, कानुन बमोजिम विभिन्न आन्तरिक स्रोतहरूबाट उठाउन सकिने कर, सेवा शुल्क,दस्तुर तथा अन्य रकमहरू स्थानीय तहले आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने रकम जनाएको छ । यसरी गाउँपालिकाले आन्तरिक र बाह्य श्रोतहरूको रूपमा संकलन गरिएको हुन्छ ।

## आन्तरिक श्रोततर्फका शिर्षकहरू

| आय शीर्षकहरु | आवश्यक सूचना |
|---|---|
| भमिकर (मालपोत) | जगाको क्षेत्रफल तथा उपयोग, करको दर |
| सम्पत्ति कर | सम्पत्ति धनी तथा निजको नाममा रहेका जग्गाा तथा संरचना त्यसको मुल्य र करको दर |
| व्यवसाय कर | उद्योग ब्यवसायको संख्या,प्रकृति तथा करको दर |
| सवारी कर | गाउँपालिकाक्षेत्रमा रहेका साना सवारी साधनहरू र करको दर |
| बहाल बिटौरी शुल्क | सार्वजनिक स्थलमा ब्यक्ति वा ब्यवसायीले उपयोग गरेका जग्गाको क्षेत्रफल र दर |
| घरजग्गा बहाल कर | भडामा दिईएका ब्यक्तिगत घरहरू, भाडा दर तथा करको दर |
| सवारी पार्किङ्ग शुल्क | पार्किङ्ग क्षेत्र, क्षमता, प्रवेश वा उपयोग तथा शुल्कको दर |
| भाडा तथा वहाल | भाडा वा वहालमा दिएको पसल, घर तथा प्रचलित भाडा |
| मेसिन तथा औजार भाडा | भडामा दिएको मेसिन तथा औजार तथा प्रचलित भाडा |
| पोखरी तथा जग्गा भाडा | ताल, पोखरी तथा जग्गाहरूको संख्या तथा क्षेत्रफल तथा प्रचलित भाडा |
| प्राकृतिक स्रोत | विक्री परिमाण र विक्री दर |
| मेसिारी औजार संचालन | भाडा वा वहालमा दिएको |

| राजस्व अधिकारको बाडफाड | | | |
|---|---|---|---|
| संघ | प्रदेश | स्थानीय | साझा |
| भन्सार | घरजग्गा रजिष्टेशन शुल्क | सम्पत्ति कर | सेवा शुल्क, |
| अन्त:शुल्क | सवारी साधन कर | घर बहाल कर | दस्तुर, |
| मुल्य अभिवृद्धि कर | मनोरञ्जन कर | घर जग्गा रजिष्टेशन शुल्क | दण्ड जरिवाना |
| संस्थागत आयकर | विज्ञापन कर | सवारी साधन कर | प्राकृतिक स्रोतबाट प्राप्तरोयल्टी |
| व्यक्तिगत आयकर | पर्यटन | सेवा शुल्क दस्तुर | पर्यटन शुल्क |
| पारिश्रमिक कर | कृषि आयमा कर | पर्यटन शुल्क | |
| राहदानी शुल्क | सेवा शुल्क दस्तुर | विज्ञापन कर | |
| भिसा शुल्क | दण्ड जरिवाना | व्यवसाय कर | |
| पर्यटन दस्तुर | | भुमिकर (मालपोत) | |
| सेवा शुल्क दस्तुर | | दण्ड जरिवाना | |
| दण्ड जरिबाना | | मनोरञ्जन कर | |
| | | मालपोत संकलन | |

## बाह्य श्रोत तर्फ

गाउँपालिकालाई नेपाल सरकार बाट प्राप्त हुने समानिकरण अनुदान,राजश्व बाडफाड,शर्शत अनुदान बिशेष अनुदान,समपुरक अनुदान घर जग्गा रजिष्ट्रेशन लगायत अन्य बिभिन्न निकाय तथा स्वदेशी तथा विदेशी संघ संस्था र दातृ समुदायबाट प्राप्त हुने अनुदान पनि प्रप्त हुने गरेको छ । यस्तो अनुदान निसर्त र शसर्त गरी दुई वटा शीर्षकमा प्राप्त हुने गरेको छ ।सामाजिक सुरक्षा कार्यक्रमको लागि सशर्त अनुदान मात्र प्राप्त हुने गरेको छ ।

| |
|---|
| नेपाल सरकार तथा प्रदेश सरकार बाट प्राप्त समानिकरण अनुदान, |
| राजश्व बाडफाड, |
| शर्शत अनुदान |
| बिशेष अनुदान |
| समपुरक अनुदान |
| घर जग्गा रजिष्ट्रेशन |
| अन्य अनुदान |
| ऋण ,सापटी,चन्दा, दान उपहार तथा लागत सहभागिता अन्य दातृ निकायबाट प्राप्त हुने आय |
| बैंक हिसाव तथा नगद |
| बिशेष कार्यक्रम |

## गाउँपालिकाको ३बर्षीय आन्तरिक आयको प्रक्षेपण

यस गाउँपालिकाको आन्तरिक आय प्रक्षेपण गर्ने सम्बन्धमा गाउँपालिकाबाट प्रकाशित आर्थिक बिवरण,आवधिक योजना प्रकाशित ,शाखा तथा उपशाखा प्रमुख तथा कर्मचारी, अन्य सम्बनिधत संग सम्पर्क गरी आवश्यक सूचना तथा तथ्यांकहरू संकलन गरिनुका साथै विभिन्न संघ संस्था प्रमुखहरू संग प्रत्यक्ष अन्तर्वार्ता गर्ने, उक्त संकलित तथ्यांकरूलाई विभिन्न समुहतथा शिर्षकहरूमा विभाजन गरी सोको आधारमा आबश्यक सुचनाहरू छनौट गरी सुचनाको साझा क्षेत्रहरूलाई राखी दोहोरो कर निरूत्साहित हुने गरी विश्लेषण गरिएको छ ।

तथ्यांक बिश्लेषणको क्रममा सबै भन्दा पहिले विगत बर्षहरूका बजेटका तथ्यांकहरूको प्रबृत्ती बिश्लेषण,औसत विश्लेषण, अनुपात विश्लेषण, अध्ययन गर्दा सम्मको प्राप्त विभिन्न सुचना ,जानकारी सम्झौता आदिबाट संकलित सूचना तथा तथ्यांकहरूको शुद्धता र विश्वसनीयता जाच गरी राजस्व प्रक्षेपण कार्य गरिएको छ ।

तथ्यांक परीक्षण गर्ने क्रममा करको दरहरूको आधारहरूमा भएको परिवर्तनको अवस्था, बजारमा आउन सक्ने परिवर्तन, अन्तर निकाय सम्बन्ध, जोखिम पक्ष समेतलाई मध्य नजर गरिएको छ ।

| श्री सिगास गाउंपालिका, गर्जे,बैतडीको ३ बर्षको आन्तरिक आय प्रक्षेपण | | | | |
|---|---|---|---|---|
| क.स. | आयका श्रोतहरू | आ.व.२०७८।०७९ को प्रक्षेपित आय | आ.व.२०७९।०८० को प्रक्षेपित आय | आ.व.२०७८।०७९ को प्रक्षेपित आय |
| १ | सम्पत्ति कर | ५००००० | ५७५००० | ६६१२५० |
| २ | भुमिकर/मालपोत | २५०० | २८७५ | ३३०६।२५ |
| ३ | घर वहाल कर | ३४५०० | ३९६७५ | ४५६२६।२५ |
| ४ | व्यवसाय कर | ४६०००० | ५२९००० | ६०८३५० |
| ५ | जडीबुटी, कबाडी र जिबजन्तु कर | ४६००० | ५२९०० | ६०८३५ |
| ६ | सवारी साधन कर | ११५०० | १३२२५ | १५२०८।७५ |
| ७ | विज्ञापन कर | ५७५० | ६६१२।५ | ७६०४।३७५ |
| ८ | मनोरञ्जन कर | २३०० | २६४५ | ३०४१।७५ |
| ९ | वहाल विटौरी शुल्क | ११५०० | १३२२५ | १५२०८।७५ |
| १० | पार्किङ शुल्क | ११५० | १३२२।५ | १५२०।८७५ |
| ११ | टेकिङ, कोयोकिड आदी कर | ५७५० | ६६१२।५ | ७६०४।३७५ |

| | | | | |
|---|---|---|---|---|
| १२ | सेवा शुल्क, दस्तुर | ६९०००० | ७९३५०० | ९१२५२५ |
| १३ | पर्यटन शुल्क | २३०० | २६४५ | ३०४१।७५ |
| १४ | अन्य आय | १०३५००० | ११९०२५० | १३६८७८७।५ |
| १५ | खानी रोयल्टी | ३००००० | ३४५००० | ३९६७५० |
| १६ | जे.सि.बी. | ८०००००० | ९२००००० | १०५८०००० |
| | **जम्मा** | **१११०८२५०** | **१२७७४४८८** | **१४६९०६६१** |

## आन्तरिक आय कार्यान्वयन योजना

स्थानीय तहहरूले आर्थिक बर्षको लागि प्रत्येक आन्तरिक आय स्रोतको उपलब्धता, संभावित परिचालन,श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु बर्षको ठेक्का अङ्क समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेका अङ्क र असुली कार्यतालीका समेत भएको कार्यान्वयन कार्य योजना बनाउनु पर्ने व्यवस्था गरेको छ । यस बमोजिम विगतको आन्तरिक आय व्यवस्थापन सम्बन्धी अभ्यास अनुसार निम्न बमोजिम आन्तरिक राजस्व व्यवस्थापन तथा कार्यान्वयन कार्य योजना तयार गरिएको छ । प्रस्तुत कार्य योजनालाई गाउंपालिले आधार मानी असुलि कार्य तालिका बमोजिम आन्तरिक आयको संकलनको व्यवस्था मिलाई गाउंपालिकाको कोष प्रवाहलाई धनात्मक(positive)अवस्थामा राख्न आवश्यक छ ।

### राजश्व योजना *(Revenue Plan)* को नमूना

| क्र. सं. | क्रियाकलाप | समय तालीका | जिम्मेवार निकाय/शाखा | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## असुलि कार्यतालिका

गाउंपालिकाले आय ठेक्का व्यवस्था तथा आन्तरिक आयको प्रक्षेपण गरेपछि आय योजना अनुसार समय समयमा रकमहरू संकलन गर्ने तर्फ ध्यान दिनु आवश्यक हुन्छ । यस्तो आयको असुलि कार्यतालिकामा बर्तमान आयका साथै गत विगतको आन्तरिक आयको उठाउन बांकी रकम समेतलाई तर ताकेता गरी हिसाब फर फारक बनाउन आवश्यक हुन्छ । यस अनुसार गाउंपालिकाले आगामी आर्थिक बर्ष देखि यस प्रकारको कार्यतालिका वनाई कार्यान्वयन गर्न आवश्यक देखिन्छ । गाउँपालिकाको सुविधा अनुसार राजस्व संकलन कार्य तालिका नं. १. अथवा नं. २. प्रयोग गर्न सकिन्छ ।

# प्रस्तावित राजस्व असुली कार्य तालिका ठेक्कामा संकलन हुने राजस्व सम्बन्धि बिबरण

| क्र. सं | राजस्व संकलनको शिर्षक | प्रक्षेपित कूल अनुमानित प्रशासनिक खर्च | ठेकेदारको मुनाफाको अंश | लाग्ने कर | विगत बर्ष संकलिच राजस्व | चालुबर्ष संकलित राजस्व | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २. | | | | | | | |
| ३ | | | | | | | |

## प्रस्तावित राजस्व संकलन कार्य तालिका नं. १.

| क्र. सं | क्रियाकलाप वा आय शिर्षक वा ठेक्का | महिना | | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र | बैशाख | जेष्ठ | अषाढ | जम्मा | |
| १. | | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | | |

## राजस्व संकलन कार्य तालिका नं. २.

| क्र.सं | क्रियाकलाप वा आय शिर्षक वा ठेक्का | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | चौथो चौमासिक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

# न्यूनतम ठेक्का अंकको निर्धारण

गाFउपालिकाले आन्तरिक आय प्रक्षेपण गरी आन्तरिक आयको न्यूनतम ठेका अंक समेत निर्धारण गरी कार्ययोजनाको निर्माण गर्नु पर्ने र यस्तो आय ठेक्का आर्थिक बर्ष प्रारम्भ हुनु भन्दा अगाडीनै लगाइसक्नु पर्ने व्यवस्था गरेको छ ।

गाउंपालिकाको आयतर्फ न्यूनतम ठेका अंकको निर्धारण ठेक्कापट्टाबाट आय संकलन हुने ठेक्काहरूको निमित्त लक्षित भएकोले आय ठेक्काको न्यूनतम अंक निर्धारण गर्दा निम्न विषयमा ध्यान पुर्याउन आवश्यक हुन्छ

- गत बर्षको न्यूनतम अंक र वास्तविक ठेका अंक ।
- स्रोतमा आएको फेरबदल वा परिणाम तथा गुणस्तरमा परिवर्तन ।
- स्रोतको बजारमा आएको परिवर्तन ।
- आय ठेक्कामा विद्यमान जोखिम पक्ष ।
- आयको दीगो संचालन ।
- आय संकलनमा वातावरणीय पक्ष ।
- नगपालिकाको विशेष शर्तहरू ।
- असुली किस्ता तथा कार्यतालिका ।
- धरौटी तथा जमानत ।
- परम्परागत आय ठेक्का वा नयाा आयको ठेक्का ।
- वास्तविकता:रकम धेरै प्राप्त गर्ने अभिलाषामा पुरानो ठेक्काको रकम उठ्न नसक्ने वा बीचमा ठ्क्का तोड्ने अवस्था नआओस् भन्ने तर्फ बस्तुपरक हुनु पर्ने ।

यिनै परिप्रेक्षलाई विचार गरी राजस्व आय प्रक्षेपणका चरणहरू अनुसार कर्मचारीको राजस्व अनुमान तथा प्रक्षेपण कार्यदलले संभाव्यता र व्यवहारिकता समेत विचार गरी प्रत्येक ठेक्का लाग्ने आय शिर्षकमा न्यूनतम अंकको प्रस्ताव गर्नु पर्दछ । आगामी आर्थिक बर्षको आय ठेक्का चालु आर्थिक बर्षमा लगाइसक्नु पर्ने कानूनी व्यवस्था भएकोले आगामी बर्षदेखि यसरी गरिएको विश्लेषणका आधारमा राजस्व कार्ययोजना सहित गाउंपालिकाको आगामी परिषदले स्वीकृत वा अनुमोदन गर्नु पर्ने व्यवस्थालाई अभ्यास गर्दै लैजानुपर्ने देखिन्छ । यसका लागि राजस्व परामर्श समितिलाई बिशेष अंगको रूपमा परिचालन गर्नुपर्दछ ।

# राजश्व संकलनको नीतिगत व्यवस्था,संस्थागत क्षमता तथा संकलन अवस्था

## राजश्व परिचालन सम्बन्धी नीतिगत व्यवस्था

गाउपालिकाले आन्तरिक आय वृद्धि गर्दै थप आत्म निर्भर बन्नु पर्छ भन्ने अवधारण अनुसार समग्रमा दुईवटा क्षेत्रहरुको प्रवर्द्धन र सुधारमा जोड दिएको छ । त्यस मध्ये एउटा पूर्वाधारहरुका विकास ( पूँजीगत लगानी) र अर्को राजश्व प्रशासनमा सुधार रहेको छ ।

## पर्यटन, उद्योग तथा बाणिज्य क्षेत्रको विकास सम्बन्धी नीति

- सार्वजनिक नीजि साझेदारी अवधाण अनुसार कार्य आरम्भ गर्ने,
- गाउपालिकाक्षेत्रभित्र रहेका विभिन्न ताल तलैयालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने

## राजश्व सम्बन्धी नीति

चालु आ.ब. २०७७/७८ का लिएका केही नीति तथा कार्यक्रमहरु

- वित्तीय प्रशासन सुधारका लागि व्यवसायिक, दक्ष र सुदृढ प्रशासनको विकास गर्ने र राजश्व परिचालनका दायरा बढाउन राजश्व सम्वन्धी अध्ययन गर्ने,
- करको दायरा फराकिलो पार्ने र न्यूनतम करको दरबाट वढी राजश्व संकलन गर्ने ।
- बक्यौता करहरु उठाउन वडा समितिका सदस्यको संयोकत्वमा समिति गठन गरी वडा स्तरमा व्यापक रुपमा राजश्व परिचालन गरिने

## आय संकलनको संस्थागत क्षमता

यस गाउपालिकामा करदाताहरु कार्यालयमा कर तिर्न आएमात्र रसिद काटी राजश्व असुली गर्ने गरेको अवस्था छ । करदाताहरुले कुन कुन शिर्षक अन्तरगत कति कर तिरे र कति करदाताहरुले कर तिर्न बाँकी छ, कति करदाता करको दायरामा आउन सकेका छैनन भन्ने शीर्षकगत सूचना रहेको छैन । गाउपालिकाको कार्यक्षेत्र बमोजिम जनशक्तिको कमी नै रहेको छ । राजस्व शाखामा सम्पत्ति करका लागिर कर तथा शुल्कका लागि कर्मचारी सहित छुट्टै कम्प्यूटर तथा प्रिण्टरको व्यवस्था गरिएको छ । नेपाल सरकार, शहरी विकास मन्त्रालयद्धारा उपलब्ध गराइएको सफ्टवेयरलाई प्रयोगमा ल्याइएको छ । राजस्व शाखामा कार्यरत कर्मचारीलाई सामान्य तालिम वाहेक प्रचलित ऐन कानूनमा भएका व्यवस्था र पछिल्लो समयमा भएको परिवर्तनका सम्वन्धमा तालिमको व्यवस्था भै सकेको छैन । राजस्व शाखाको सुधारकालागि करमैत्री वातावरण तयार गर्नुपर्ने र यसका लागि कर तिर्न आउने करदातालाई बस्ने स्थान, टोकन प्रणाली, टि.भी लगायत अन्य सुविधाहरु थप गर्न सुझाव दिइएको छ ।

## ४.३ राजश्व परिचालनमा रहेका सवालहरू

*गाउपालिकाको राजस्व परिचालन सम्बन्धमा निम्न सवालहरु रहेका छन् :*

- प्रचलित कानून बमोजिम सम्पत्ति कर तथा भूमिकर (मालपोत) लगाउने सम्वन्धमा गाउपालिकाको स्पष्टता आवश्यक रहेको ।
- राजस्व प्रशासन सुधारका लागि आवश्यक कार्यविधिहरु जस्तै कर असुली, करदाता र कर्मचारीहरुको प्रोत्साहन, दण्डजरिवाना आदि सम्बन्धी नियमावली र कार्यविधिहरु बनिनसकेको ।
- घर र जग्गाको अभिलेख तयार भै नसकेको । सवैलाई करको दायरामा ल्याउन नसकिएको ।
- राजस्व संकलन कार्यमा संलग्न कर्मचारीलाई परिवर्तित कानून र सो बमोजिम प्रविधिमा सुधार गरी तालिम उपलब्ध गराउन समय लाग्ने । सफ्टवेयरमा सुधार गर्न थप समय लाग्ने र सो समयावधिसम्म कम्प्युटर सफ्टवेयर विना घरजग्गा वा जग्गाको छुट्टाछुट्टै विवरण निकाली सो को मूल्यांकन हातबाट गरी सम्पत्ति कर तथा भूमिकर (मालपोत) छुट्टाछुट्टै रुपमा संकलन गर्न कठिनाई हुने ।
- स्थानीय राजश्व परामर्श समिति सञ्चालन कार्यविधी नभएको ।
- व्यवसाय तथा घरजग्गा बहाल कर सम्वन्धी करदाताको अभिलेख पर्याप्त नभएको ।
- राजस्व शाखामा जनशक्तिको कमी ।सम्पत्ति कर, व्यवसाय कर तथा घरजग्गा कर लगायत सबै प्रकार कर तथा शुल्क संकलनका लागि हालको जनशक्ति पर्याप्त नभएको ।**राजस्व**

### परिचालन सम्बन्धी प्रयासहरु

गाउपालिकाले राजस्व परिचालनका सम्बन्धमा हालसम्म निम्नबमोजिम प्रयासहरु गरेको छ ।

***(क) स्थानीय राजस्व परामर्श समितिको गठन र क्रियाशिलता***

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार गाउरपालिकाले स्थानीय राजस्व परामर्श समिति गठन गर्नु पर्ने प्रावधान अनुसार यस गाउपालिकाले निम्नानुसारको ६ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छ ।

तालिका१ःस्थानीय राजस्व परामर्श समितिको संरचना

| क.सं. | नाम | प्द | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| १ | झ्रोपति चन्द | उपाध्यक्ष | संयोजक |
| २ | कबिन्द्र प्रसाद ओझा | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ | | कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको महिला सदस्य | सदस्य |
| ४ | | कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको सदस्य | सदस्य |

| क.सं. | नाम | प्द | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| ५ | | स्थानीय उ.वा.संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| ६ | | घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| ७ | सुरेन्द्र बहादुर धामी | राजस्व शाखा प्रमुख | सदस्य सचिव |

*स्रोतःस्थानीय राजश्व परामर्श समितिको बैठक पुस्तिका, २०७७*

स्थानीय राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरु सम्पन्न गरी राजस्वका दरहरु तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरु गरी गाउ कार्यपालिका समक्ष पेस गर्दै आएको छ ।

**राजश्व प्रशासनको अवस्था**

गाउपालिकाको राजश्व प्रशासनको वर्तमान अवस्थालाई निम्न सूचकहरुमा विश्लेषण गरिएको छ ।

## राजश्व प्रशासनको वर्तमान अवस्था

| क्र.सं. | क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|---|
| १ | राजश्व शाखाको व्यवस्था संगठन संरचनामा छ छैन ? | छ तर वडामा पर्याप्त नभएको | रिक्त दरवन्दी यथासक्य छिटो पदपुर्ति गर्नुपर्ने |
| २ | राजश्व शाखामा कुन तहका कति दरवंदी छन् ? र हालको पदपुर्तिको अवस्था कस्तो छ ? | १ जना नासु र १ जना खरिदार तहको कर्मचारी रहेको | वडामा कर्मचारी थप गर्नुपर्ने |
| ३ | राजश्व शाखाले गर्ने कामका लागि कार्यविवरण छ की छैन ? | छ | अझ परिमार्जन गर्नुपर्ने |
| ४ | कर्मचारीहरुलाई उनीहरुको जिम्मेवारी स्पष्ट र लिखित रुपमा दिईएको छ छैन ? | छ | जिम्मेवारी पुरा गरे नगरेको अनुगमनको खाँचो |
| ५ | कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | पर्याप्त | वडामा कार्यालयहरुमा भने व्यवस्थापन गर्नृपर्ने |
| ६ | सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | कार्यालय भित्रकोलागि प्रयोगमा आएको | करदातालाई सूचना प्रविधिसँग जोड्नुपर्ने |
| ७ | कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ ? | दुइवटा तालिम संचालन भएको | राजश्वका कर्मचारीहरुलाई नयाँ प्रविधि तथा ऐन नियमको वारेमा आवधिक रुपमा अभिमूखीकरण गर्दै जानुपर्ने |

| क.सं. | क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|---|
| ८ | राजस्व परिचालनका लागि वडा लाई दिईएको जिम्मेवारी के छ ? | स्थानीय सरकार संचालन ऐन २०७४ अनुसारको जिम्मेवारी तोकिएको | ऐन बारे थप स्पष्ट पार्नुपर्ने आवश्यकता |
| **(ख) राजश्व प्रशासन संचालनको अवस्था** | | | |
| १ | करदाताहरुको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने– सम्पत्ति, व्यवसाय, सवारी साधन, वहाल आदि | सम्पत्ती करको अभिलेख व्यवस्थित रहेको तर अन्यको नरहेको | करदाता अभिलेख शिर्षकगत रुपमा नै व्यवस्थित गर्नुपर्ने । प्रचलित कानून बमोजिम सम्पत्ति कर र भूमिकर (मालपोत) करका लागि सोही बमोजिम घर र जग्गाको विवरण छुट्टाछुट्टै हुनुपर्ने । |
| २ | गाउपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरुको विवरण तथा सोको परिचालन कस्तो छ ? | राख्ने गरिएको | कम्प्युटकृत गरी अध्यावधिक गर्दै जानुपर्ने |
| ३ | कर निर्धारणको लागि सम्पत्ति वा आय वा कारोवारको मूल्यांकन कत्तिको सहि रुपमा भएको छ ? मूल्यांकन अनुसार कर निर्धारण भएको छ छैन ? | विभिन्न चरणमा छलफलगरी मूल्याँकन गरी दर निर्धारण गर्ने गरिएको | मूल्याँकन तथा दर निर्धारण प्रक्रियालाई थप सहभागिता मूलक र पारदर्शी बनाउन आवश्यक |
| ४ | चुहावट हुन सक्ने सम्भावनाहरु के के छन् र तिनको नियन्त्रण कस्तो छ ? | छैन | नियन्त्रण संयन्त्रलाई थप प्रभावकारी बनाउनुपर्ने |
| ५ | व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | ऐन नियम अनुसार कार्वाही हुने व्यवस्था रहेको छ | ऐन नियमको कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्ने |
| ६ | समयमा तिर्नेलाई छुट र ढीलो बुझाएमा जरीवाना लाग्ने ब्यवस्था सबै आय स्रोतहरुमा लागु गरिएको छ ? | छ | निरन्तरता दिनुपर्ने |
| ७ | करदाताहरुलाईकर रकमबारे अग्रिम जानकारी गराउने ब्यवस्था के छ ? | छैन (आगमी कार्तिक मसान्तसम्म भै सक्ने) | यथासक्य छिटो गर्नुपर्ने |
| ८ | गाउपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा उजुरी गर्नेसक्ने ब्यवस्थो कस्तो छ ? | छ (गाउपालिकाप्रमुख तथा उपप्रमुख समक्ष उजूरी दिन सक्ने व्यवस्था रहेको) | निरन्तरता दिनुपर्ने र छिटो सुनुवाई हुनुपर्ने |
| **(ग) सूचना तथा समन्वयको अवस्था** | | | |
| १ | करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? | पत्र पत्रिका र टि.भि मार्फत मात्र गरिएको | शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साईट, |

| क्र.सं. | क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|---|
| | | | घरदैलो आदि संचालन गर्नुपर्ने |
| २ | करको दर निर्धारण तथा समिक्षामा सरोकार पक्षहरुको सहभागीता कस्तो छ ? | संतोष जनक छ । | निरन्तरता दिनुपर्ने र थपप्रभावकारी बनाउनु पर्ने |
| ३ | राजश्व परामर्श समिति तथा अन्य समितिहरुको प्रभावकारीता कस्तो छ ? (बैठक संख्या, निर्णयहरु आदि) | बैठक नियमित र आवश्यकता अनुसार हुने गरेको | निरन्तरता दिनुपर्ने |
| ४ | राजश्व असुलीमा सरोकार पक्षहरुको सकारात्मक सहभागीताको अवस्था कस्तो छ ? | ठीकै छ । | करदाताको संतुष्टि तह मापन गर्नुपर्ने |
| ५ | राजश्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | ठीकै छ । | अन्तरशाखा समन्वय थप सुधार गर्नुपर्ने |
| ६ | आयका स्रोतहरुको अभिलेख ब्यवस्था कस्तो छ ? | सफ्टवेर प्रणाली शुरु गरिएको | सबै स्रोतहरुको कम्प्युटरकृत अभिलेख राख्नुपर्ने |
| ७ | गाउपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन? | अर्धवार्षिक रुपमा हुनेगरेको | आम मानिसमा पुग्ने माध्यमहरुको प्रयोग गरी सार्वजनकि गर्नुपर्ने |
| ८ | आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरु कसरी संवोधन भएका छन् ? | सम्बन्धितलाई पत्र पठाएर र गाउसभामा छलफल गरेर | निरन्तरता दिनुपर्ने |

## राजस्व सुधार कार्ययोजना

| सुधारका क्षेत्रहरु | सुधारका क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | (क) कर राजस्व | | |
| सम्पत्ति कर | - सम्पत्ति कर सम्वन्धी कार्यविधी निर्माण गरी कार्यान्वयन गर्न कार्यदल गठन गर्ने,<br>- करसचेतना कार्यक्रम सञ्चालन गर्ने । | २०७९ असार मसान्तसम्म<br><br>वर्षको दुई पटक (असोज र बैशाख) | ▪ गाउपालिका<br>▪ गाउसभा,<br>▪ स्थानीय राजस्व परामर्श समिति,<br>▪ प्रमुख प्रशासकीय अधिकृत र<br>▪ राजस्व शाखा |
| | - करदाता विवरण अद्यावधिक गर्ने (GIS मार्फत Tax Mapping Database System) | कार्तिक भित्र | ▪ राजस्व शाखा, IT Section |
| | - परिवर्तित कानून बमोजिम हालको Software मा सुधार गरि | २०७९असार मसान्तसम्म | ▪ राजस्व शाखा र सफ्टवेयर प्रदायक संस्था |

| सुधारका क्षेत्रहरु | सुधारका क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | वडातहसम्म Network प्रणाली सूचारु गर्ने | | |
| | - राजस्व शाखामा कार्यरत कर्मचारीहरुलाई राजश्व सम्वन्धी तालिम उपलव्ध गराउने | २०७९ असार मसान्तसम्म | ▪ राजस्व शाखा र सफ्टवेयर प्रदायक संस्था |
| भूमीकर (मालपोत) | - भूमिकर लिने सम्वन्धमा जग्गाको किसिम अनुसार करदाता पहिचान गर्ने र जग्गाको किसिम अनुसार दर निर्धारण गर्ने । | आर्थिक बर्ष २०७८।०७९ देखि नै लागू हुने गरी | ▪ कार्यदल गठन गरी कार्य अगाडी बढाउने |
| घर जग्गा वहाल कर | - घर तथा जग्गा वहालमा लगाउने घरधनीहरुको विवरण संकलन गर्ने ।<br>- घरवहाल करको लागि आवश्यक स्वघोषणा फारमहरु तयार गर्ने,<br>- घरजग्गा वहालकर संकलन बारे सचेतना कार्यक्रम सञ्चालन गर्ने<br>- आन्तरीक राजश्व कार्यालयसँग समन्वय गर्ने | २०७९ बैशाख दोश्रो हप्तासम्म | ▪ राजस्व परामर्श समिति<br>▪ राजस्व शाखा<br>▪ लेखा शाखा<br>▪ जिन्सी शाखा |
| व्यवसाय कर | - व्यवसायीहरुको स्थलगत दर्ता र नवीकरण अभियान सञ्चालनलाई निरन्तरता दिने | २०७९ जेठ महिना भित्र | ▪ प्रमुख प्रशासकीय अधिकृत<br>▪ वडा अध्यक्ष<br>▪ राजश्व शाखा |
| | - दर्ता नभएका व्यवसायीलाई दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम मार्फत आव्हान गर्ने<br>- घरदैलो कार्यक्रम मार्फत व्यवसाय दर्ता प्रमाणपत्र तथा कर असुली गर्ने | आर्थिक बर्ष भरी नियमित रुपमा | ▪ राजस्व शाखा<br>▪ लेखा शाखा<br>▪ जिन्सी शाखा |
| | - निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने | आर्थिक बर्ष भरी नियमित रुपमा | ▪ राजस्व परामर्श समिति<br>▪ राजस्व शााखा |
| | - स्थानीय उद्योग बाणिज्य संघका प्रतिनिधिहरुसँग नियमित छलफल र अन्तरक्रिया गर्ने र व्यवसायीहरुको आत्म सम्मान बढ्ने खालका कार्यक्रम गर्ने (जस्तै व्यवसायी परिचयपत्र वितरण गर्ने) | निरन्तर | ▪ राजस्व परामर्श समिति<br>▪ राजस्व शााखा |
| विज्ञापन कर | - सम्भाव्यता अध्ययन गरी न्यूनतम ठेक्का अंक कायम गर्ने | आ.व. २०७८।०७९ भित्र | ▪ राजस्व परामर्श समिति<br>▪ राजस्व शााखा |
| साना सवारी साधान | - यातायात कार्यालयको सहयोगमा लगत अद्यावधिक गर्ने,<br>- कार्यविधी तयार गरी सञ्चालनलाई नियमित बनाउने<br>- यातायात कार्यालयसँग सहकार्य गरी | आ.व. २०७८।०७९ भित्र | ▪ राजस्व परामर्श समिति<br>▪ राजस्व शााखा |

| सुधारका क्षेत्रहरु | सुधारका क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | साना सवारी साधान दर्ता कार्य शुरु गर्ने | | |
| जडिबुटी, कवाडी र जिवजन्तु कर | - संभाब्यता अध्ययन गरी न्यूनतम ठेक्का अंक कायम गर्ने | आ.व. २०७८।०७९ भित्र | ▪ राजस्व परामर्श समिति<br>▪ राजस्व शााखा |
| **(ख) गैरकर राजस्व** | | | |
| वहाल विटौरी शुल्क | - प्रति जग्गा र ती जग्गामा बनेका नीजि संरचनाको अभिलेख अद्यावधिक गर्ने र करको दायरामा ल्याउने,<br>- बहाल बिटौरी शुल्कमा ठेक्का लगाई शुल्क संकलन गर्ने | आ.व. २०७८।०७९ भित्र | ▪ राजस्व परामर्श समिति<br>▪ राजस्व शााखा |
| स्थानीय पूर्वाधार उपयोग सेवा | - तालतलैयालाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्ने<br>- जडिवुटी प्रशोधन केन्द्रको स्थापना तथा निर्माण गरी गरी उपयोग सेवा शुल्क असुल गर्ने (वसपार्क, सटर र हाटबजार)। | आ.व. २०७८।०७९ भित्र | ▪ राजस्व परामर्श समिति<br>▪ राजस्व शााखा |
| | - फोहरमैला व्यवस्थापन गरी सेवा शुल्क असुली गर्ने | आ.व. २०७८।०७९ भित्र | ▪ गाउसभा, गाउपालिका<br>▪ स्थानीय राजस्व परामर्श समिति<br>▪ राजस्व शाखा |
| नक्सापास दस्तुर | - नक्सापास सम्बन्धमा चेतनामुलक कार्यक्रम संचालन गर्ने | आ.व. २०७८।०७९ भित्र | ▪ राजस्व परामर्श |
| अन्य दस्तुर तथा सेवा शुल्क | - गाउपालिकाको अनुरोध स्थानीय रेडियोमार्फत सार्वजनिक गर्ने | आ.व. २०७८।०७९ भित्र | ▪ लेखा शाखा<br>▪ राजस्वशाखा |
| **(ग) आर्थिक विकास र लगानी** | | | |
| सम्भाव्य आर्थिक क्षेत्रको पहिचान, निर्माण, सञ्चालन तथा व्यवस्थापन | - स्थानीय आर्थिक विकास रणनीतिक योजना तयार गर्ने | २०७८ पौष १५ सम्म | ▪ गाउकार्यपालिका |
| | - आर्थिक संभाब्य भएका बहु वर्षिय आयोजना क्षेत्रहरुको DPR तथा आयोजना बैंक तयार गर्ने | २०७९ आषाढ मसान्तसम्म | ▪ आर्थिक विकास समिति<br>▪ प्रमुख प्रशासकीय अधिकृत,<br>▪ योजना शाखा प्रमुख, आर्थिक विकास शाखा |
| | - आर्थिक उद्यमशिलता सम्वन्धी कार्यक्रम योजना तयार गर्ने | २०७९ आषाढ मसान्तसम्म | ▪ वडा कार्यालय,<br>▪ आर्थिक विकास शाखा |
| **(ङ) राजस्व प्रशासन** | | | |
| राजस्व संकलन तथा अभिलेख | - राजस्वका सबै क्षेत्र समेट्ने गरी सफ्टवेयर तयार पार्ने र करदाताको विवरण सोही सफ्टवेयरमा इन्ट्री गर्ने ।<br>- राजस्व प्रशासनमा सफ्टवेयर तथा कम्प्युटरकृत प्रणाली मार्फत सेवा | चालू आ.व. भित्र | ▪ केन्द्र सरकार<br>▪ गाउकार्यपालिका |

| सुधारका क्षेत्रहरु | सुधारका क्रियाकलापहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | दिने<br>- राजस्वमा काम गर्ने कर्मचारीलाई सफ्टवेयर सम्बन्धी तालिम दिने । | | |
| सूचना तथा पारदर्शिता | - स्थानीय सञ्चार माध्यमबाट करदाताहरुलाई कर तिर्न प्रोत्साहित गर्ने सम्बन्धी सूचना सम्प्रेषण गर्ने ।<br>- गाउपालिका र वडामा करको दररेट सहित नागरिक बडापत्र राख्ने<br>- गाउपालिकाको आम्दानीलाई सार्वजनिक गर्ने । | मासिक रुपमा | ▪ प्रमुख प्रशासकिय अधिकृत<br>▪ वडा सचिवहरु |
| अनुगमन | - अनुगमन गरि छुटेका करदातालाई करको दायरामा ल्याउने । | प्रत्येक तीन महिनामा | ▪ कार्यपालिका<br>▪ राजस्व शाखा |
| करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम | - बढी कर तिर्नेकरदातालाई सम्मान गर्ने<br>- कार्यसम्पादन मूल्याङ्गनको आधारमा कर्मचारीहरुलाई पुरस्कृत गर्ने | वार्षिक रुपमा (गाउसभा गर्ने दिनमा) | ▪ प्रमुख प्रशासकिय अधिकृत<br>▪ कार्यपालिका |

# अपेक्षित नतिजा, नीति, रणनीति र कार्यनीति

यस गाउपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सिलसिलामा सञ्चालन गरिएको अन्तरक्रिया कार्यक्रमबाट प्राप्त गरेका सूचनाहरु, जनप्रतिनिधिहरुसँगको छलफलबाट प्राप्त सुझावहरु तथा नीजिक्षेत्र लगायत अन्य सरोकारवालाहरुसँगको छलफल र यस गाउपालिकाको विगतका नीति तथा कार्यक्रमका आधारमा तयार गरिएको यस राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan-RIAP) को अपेक्षित उपलब्धि र यसको प्रभावकारी कार्यान्वयनका लागि तय गरिएका नीति, रणनीति र कार्यनीति/क्रियाकलापहरुको बारेमा यस परिच्छेदमा चर्चा गरिएको छ ।

## अपेक्षित नतिजा

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७५, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, गाउपालिकाको आर्थिक ऐन, बार्षिक नीति, कार्यक्रम तथा बजेटको अध्ययन तथा जनप्रतिनिधी, अन्य सरोकारवाला प्रतिनिधीहरु तथा कर्मचारीहरुसँगको छलफलबाट प्राप्त सुझावका आधारमा राजस्व सुधार कार्ययोजना तयार गरिएको छ । सहभागितामुलक छलफल र उपलब्ध सूचनाहरुका आधारमा तयार गरिएको यस कार्ययोजनाले पहिचान गरेका कार्यहरुहरुलाई समयमा कार्यान्वयन गर्न सकेमा राजस्व संकलनमा उल्लेख्य बृद्धि भई देहाय बमोजिमको नतिजा हासिल हुने अपेक्षा गरिएको छ ।

- स्थानीय राजश्व परामर्श समितिबाट आगामी आर्थिक वर्षहरुमा अनुमान गरिने राजश्वको अनुमान बढि यर्थाथपरक भएको हुनेछ ।
- गाउपालिका र करदाताहरु विचको सम्बन्ध थप सुधार भएको हुनेछ र सहकार्यमा अभिबृद्धि भएको हुनेछ ।
- गाउपालिकाको राजश्व प्रशासनको क्षमता अभिवृद्धि र राजश्व प्रशासन करदाता मैत्री भएको हुनेछ ।

## नीति

१. करदाताको कर तिर्ने क्षमताको आधारमा करको दर निर्धारण गरी सबै करदातालाई करको दायरामा ल्याइनेछ ।

२. निर्धारित समयभित्र कर बुझाउने करदातालाई केही प्रतिशत कर छुट दिने नीतिलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

३. करदाता सचेतना कार्यक्रम सञ्चालन गरी गाउपालिकाका र करदाता वीचको सम्वन्धलाई थप सुदुढ बनाउने नीति लिइनेछ ।

४. राजश्व प्रशासनलाई पारदर्शी, जवाफदेही एवं राजश्व चुहावटको शुन्य सहनशिलता सुनिश्चित गर्ने नीति लिईनेछ ।

५. स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान पुर्‍याउने किसिमको कर नीति अवलम्बन गरिनेछ ।

६. कर तथा सेवा शुल्कबाट प्राप्त राजश्वलाई सार्वजनिक सेवा र विकास निर्माणका क्षेत्रमा लगानी गरिने छ ।

**रणनीति**

आन्तरिक राजस्व परिचालन सम्बन्धमा देहाय अनुसारका रणनीतिहरु अवलम्बन गरिनेछ ।

१. संस्थागत घरवहाल करलाई व्यवसायकरसँग आवद्ध गरी उठाउने र ब्यक्तिगत रुपमा वहालकरबाट आयआर्जन गरेका करदाताहरुलाई सम्पत्ति करसँग आवद्ध गरी असुली गरिनेछ ।
२. स्थानीय राजस्व परामर्श समितिलाई थप प्रभावकारी बनाउने र राजस्व शाखालाई प्रविधियुक्त र थप जनशक्ति सहित सुदृढीकरण गरिने छ ।
३. करदाताहरुसँग निरन्तर अन्तरक्रिया र संवाद गरी समयमा कर तिर्न उत्प्रेरित गरिनेछ ।गाउपालिकाकापदाधिकारी तथा गाउ क्षेत्र भित्र घर तथा जग्गा भएका कर्मचारीहरुले आर्थिक वर्ष शुभारम्भ मै कर तिरी सवै नागरिकलाई कर तिर्न उत्प्रेरणा गर्ने गराइनेछ ।
४. कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुको सहभागिता जुटाईनेछ । कर संकलनमा यथासम्भव सरकारी, निजी क्षेत्र, उपभोक्ता समिति, टोल विकास समितिएवं सहकारी संस्थासँग सहकार्य गरिनेछ ।
५. व्यवसायीहरुले आन्तरिक राजस्व कार्यालयमा बुझाउँदै आएको करलाई गाउपालिकालाई बुझाउनुपर्ने करसँग समेत आवद्ध गरिनेछ ।
६. कर सम्बन्धी सूचनाहरुमा नागरिकहरुको पहुँच पुर्‍याई राजस्व प्रशासनलाई पारदर्शी गराइनेछ ।
७. राजस्वको स्रोत बृद्धि गर्न सघाउ पुर्‍याउने पूँजीगत लगानीका आयोजनाहरुमा लगानी बृद्धि गर्दै लगिनेछ ।

**कार्यनीतिहरु**

उपरोक्त रणनीतिहरुलाई कार्यान्वयन गर्न निम्न अनुसारका कार्यनीतिहरु अवलम्बन गरिनेछ ।

१. गाउँपालिकाको सम्पत्ति कर तथा भूमिकर (मालपोत), व्यवसाय कर, घरजग्गा बहाल कर लगायत अन्य राजस्वका क्षेत्रहरुको कानून तर्जुमा गरिनेछ ।
२. वडास्तरबाट राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउन वडाका कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता अभिबृद्धि गरिनेछ ।
३. राजश्व शाखामा कार्यरत कर्मचारीहरुको कार्यविवरण (Terms of Reference)का आधारमा कार्यसम्पादन मूल्यांकन गरी पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।
४. गाउँपालिकाको महत्वपूर्ण आयस्रोतको रुपमा रहेका सम्पत्ति (घरजग्गा) कर, घरजग्गा वहालकर र व्यवसाय करको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्यविधि निर्माण गरी लागु गरिनेछ ।
५. पूर्वाधार उपयोग शुल्कका लागि सेवाग्राहीहरुबाटै लागत र सञ्चालन खर्च असुल गर्ने गरी सेवा शुल्क निर्धारण गरिनेछ ।

६. शीर्षकगत रुपमा नै करदाताको ब्यक्तिगत विवरण सहितको डाटावेश तयार गरिनेछ ।
७. करदाताहरुका लागि पुरस्कार र दण्डको नीति पूर्ण रुपमा लागु गरिनेछ ।
८. राजस्व शाखा तथा वडा कार्यालयहरुमा आवश्यक सूचना प्रविधि तथा उपकरण प्रबन्ध मिलाई वडा कार्यालयहरुलाई सूचना सञ्जालमा जोडिनेछ ।
९. सार्वजनिक खर्च गर्ने, पूर्वाधारहरुको विकास तथा स्तरोन्नति कार्यमा लगानी गर्दै लगिनेछ ।
१०. पूर्वाधार उपयोग महशुल, घर जग्गा बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न निजी क्षेत्र, व्यवसायीसँग सहकार्य गरिनेछ ।
११. नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ । साथै समयमा कर तिर्ने करदातालाई कर छुटको व्यवस्थाको कार्यान्वयनमा थप प्रभावकारिता ल्याईनेछ ।
१२. स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने कर सचेतना कार्य समुदाय/टोल एवं वडास्तरमा सञ्चालन गरिनेछ ।
१३. APPs वा SMS मार्फत करदातालाई आफूले तिर्नुपर्ने करका विषयमा अग्रिम जानकारी गराइनेछ ।
१४. आन्तरिक राजस्व विभागबाट व्यवसायीको विवरण संकलन गरिनेछ ।
१५. राजस्व अभिलेखलाई वडास्तर देखि नै व्यवस्थित गरिनेछ ।
१६. कर/राजस्व सूचना जानकारी अर्धवार्षिक एवं वार्षिक प्रतिवेदन गाउपालिकाको वेभसाईटमा राखिने छ । साथै यस्तो सुचनाहरु स्थानीय स्तरमा पहुँच हुने गरी एफ.एम. रेडियो मार्फत प्रसारण गरिनेछ ।

## सुधार गर्नु पर्ने क्षेत्र वा कार्यहरु

राजस्व सुधार कार्ययोजनाले पहिचान गरेका क्षेत्रहरुको प्रभावकारी कार्यान्वयन गरी आन्तरिकराजस्व अभिबृद्धि गर्न निम्नानुसारका क्षेत्रहरुमा जोड दिई कार्य गर्नुपर्ने देखिन्छ ।

### कानूनी तथा नीतिगत व्यवस्था

- सम्पत्ति कर तथा भूमिकर (मालपोत) लगाउन हालको दरमा पुनरावोलकन गर्ने । दर निर्धारण गर्दा छिमेकी स्थानीय तह लगायत मुख्य सरोकारवालाहरुसँग छलफल गर्ने । साथै विगतमा उठाउँदै आएको रकममा नघट्ने गरी दर निर्धारण गर्न सकिने ।
- सम्पत्ति कर तथा मालपोत (भूमिकर) सम्वन्धी एकरुपता कायम गर्न वा बजार मूल्य वा मालपोत कार्यालयको मूल्यांकन भन्दा कम नहुने गरी जग्गाको मूल्यांकन पुनरावलोकन गर्ने ।
- उपरोक्त बमोजिमका दर र मूल्यांकनलाई समावेश गरी वडा तह देखि नै कर राजस्व संकलन प्रक्रियालाई प्रभावकारी बनाउन कार्यविधि बनाउने ।
- घरजग्गा बहाल करका लागि क्षेत्रगत रुपमा न्यूनत्तम रकम निर्धारण गरी मासिक बहाल रकम अशुल गर्ने । आन्तरिक राजस्व कार्यालयसँग समन्वय गरी व्यवसाय कर तथा घरजग्गा बहाल कर संकलन प्रक्रियालाई प्रभावकारी बनाउन छुट्टै कार्यविधि बनाउने ।
- मुख्य कर (सम्पत्ति कर तथा मालपोत, व्यवसाय कर र घरजग्गा बहालकर) बाट उठेको रकमबाट सार्वजनिक निर्माण (जस्तैः सडक, सार्वजनिक शौचालय, बजारमा सिसी क्यामेरा

जडान आदि) का लागि खर्च गर्ने नीति अवलम्वन गरी कार्यान्वयन गर्ने । साथै फोहरमैला व्यवस्थापन शुल्क तथा सामुदायिक बनबाट प्राप्त रकम पनि सोही बमोजिम वातावरणीय संरक्षण क्षेत्रमा खर्च गर्ने नीति तय गरी कार्यान्वयन गर्ने ।

## राजस्व प्रशासन र प्रभावकारी व्यवस्थापन

- राजस्व शाखामा छुट्टै राजस्व अधिकृतको व्यवस्था गर्ने । साथै घरजग्गा बहाल कर संकलनका लागि छुट्टै जनशक्तिको व्यवस्था गर्ने ।
- परिवर्तित कानून बमोजिम हालको सफ्टवेयरमा सुधार गर्ने । वडाहरुमा समेत कम्प्यूटर तथा सफ्टवेयरको व्यवस्था गरी राजस्व संकलनका लागि सवै वडाहरुलाई कम्प्यूटर सञ्जालमा आवद्ध गर्ने ।
- राजस्व शाखा तथा वडातहमा कार्यरत कर्मचारीलाई कर संकलन बारे तालिम दिने ।
- स्थानीय तह राजस्व परिचालनका सन्दर्भमा विद्यमान कानून नीतिका विषयमा जनप्रतिनिधि तथा कर्मचारीलाई तालिमको व्यवस्था गर्ने ।
- राजस्व परिचालनका सन्दर्भमा अन्य गाउपालिकाहरुमा भएका असल अभ्यासहरुको पहिचान गरी सो गाउपालिकाहरुमा अवलोकन भ्रमण गर्ने ।सिकाईको आदान प्रदान गर्ने ।

## तथ्याङ्कमा आधारित अभिलेख तथा राजस्वको संकलन

- प्रोफाइलबाट प्राप्त करदाताको विवरणलाई GiS मा Link गर्ने र Tax Mapping Dabatase System बनाउने ।
- करदाताको कर अभिलेख नियमित रुपमा अद्यावधिक गर्ने ।
- गाउपालिकापालिका क्षेत्र भित्रका व्यवसायीहरुको विवरण आन्तरिक राजस्व विभागबाट संकलन गर्ने । साथै व्यवसायहरुले आन्तरिक राजस्व कार्यालयमा कर बुझाउँदा प्रयोग गरिने Online System मा गाउपालिकाको कर बुझाएको विवरण समेत समावेश हुने गरी पेश गर्न सकिने व्यवस्था बनाउन पहल गर्ने ।
- नियमित कर संकलनका लागि घुम्ती टोली गठन गरी संकलन गर्नुपर्ने । यसका लागि वडा कार्यालय, टोल विकास आदिको सहयोग लिन सकिने ।

## पारदर्शिता र जवाफदेहिता

- गाउपालिकाकापदाधिकारी तथा गाउक्षेत्र भित्र घर तथा जग्गा भएका कर्मचारीहरुले आर्थिक वर्ष शुभारम्भ मै अनिवार्य कर तिर्ने र सो को सार्वजनिक गर्ने ।
- नागरिकले तिरेको करबाट निर्माण गरिने सार्वजनिक निर्माणहरुमा के कति रकम खर्च गरि निर्माण गरिएको हो सो विवरण समेत निर्माणस्थलमा राख्ने र नागरिकलाई जानकारी गराउने ।
- मुख्य कर (सम्पत्ति कर, मालपोत कर, व्यवसाय कर र घरजग्गा बहाल कर) सहित कुल आन्तरिक स्रोत के कति रुपमा उठ्को र अनुमानित बमोजिम उठ्न बाँकी रकम सम्वन्धी

विवरणलाई मासिकरुपमा अद्यावधिक गरी सार्वजनिक गर्ने । अधक्ष्य,उपाधक्ष्य तथा प्रमुख प्रशासकीय अधिकृतको कोठामा बोर्डमा राखी मासिकरुपमा उठेको रकमको अद्यावधिक गर्दै कर संकलनका लागि कर्मचारीलाई उत्प्रेरित गर्ने गराउने ।

- कर शिक्षा सामाग्री तयार गरी टोल सुधार समिति, विद्यालय शिक्षक, विद्यार्थी आदिलाई अभिमुखीकरण गर्ने ।
- टोल सुधार समिति, उद्योग वाणिज्य संघ आदिको सहकार्य र समन्वयमा राजस्व संकलन तथा अनुगमन कार्यमा सहभागि गराउने ।
- करदातालाई समयमा कर तिर्नका लागि Apss वा SMS प्रणालीको विकास गर्ने र समयमा नै जानकारी गराउने ।
- आर्थिक वर्षमा सवैभन्दा बढी कर तिर्ने व्यक्ति, नियमित कर तिर्ने वा तथा एकै करदाताले सवैभन्दा पहिला तीनवटै मुख्य कर (सम्पत्ति कर, व्यवसाय कर तथा घरजग्गा बहाल कर) तिर्नेलाई गाउसभामा वा सार्वजनिक स्थानमा सम्मान तथा पुरस्कार को व्यवस्था गर्ने ।
- कर नतिर्ने करदाताहरुको विवरण सार्वजनिक पाटी र वेभसाईटमा राख्ने ।

## आन्तरिक राजस्व संकलन प्रबर्द्धनका उपायहरू

आन्तरिक आय संकलन प्रबर्द्धनको लागि चार किसिमका कार्यक्रमहरू प्रस्ताव गरिएका छन् ।

- आय अभिबृद्धि कार्यको सम्बन्धमा
- संकलन प्रकृयामा सुधारको सम्बन्धमा
- संस्थागत सुधारको सम्बन्धमा
- नीतिगत कार्यबिधिहरू सम्बन्धमा

## आय अभिबृद्धि कार्यको सम्बन्धमा

- स्थानीय वासीलाई सीपमूलक तालिमहरू प्रदान गरी क्षमता अभिबृद्धि गरी आय आर्जनका अवसरहरू सृजना गरी ब्यापार ब्यवसाय तथा संस्था दर्ता, नक्शा पास, नविकरण, सेवा शूल्क को रूपमा राजस्व संकलन गर्न सकिने
- कर राजस्वकाश्रोतहरूको पहिचान गर्न समय समयमा अध्ययन गराउनु
- गाउंपालिकाक्षेत्रभित्र रहेका सार्वजनिक ताल,पोखरी तथा जग्गाहरूलाई व्यवस्थित गरी व्यवसायिक रूपमा संचालन गर्ने व्यवस्था गर्न सकिने ।
- निजी क्षेत्र र हाल गाउपालिकामा नरहेका विभिन्न दातृ निकायहरूबाट गरिने कार्यक्रम र पुंजी अधिकाधिक मात्रामा गाउपालिका. क्षेत्रभित्र लगानी गर्ने सहज वातावरण सिर्जना गर्न आवश्यक सम्पर्क सन्जाल विस्तार गरी छलफललाई निरन्तरता दिने ।
- सार्वजनिक नीजि साझेदारीको माध्ययमवाट संचालन गर्न सम्भव भएका क्षेत्रहरूमा कार्यक्रमहरू संचालन गर्न सकेमा नीजिक्षेत्रको समेत अपनत्व बढ्नुको साथै दिगो रूपमा राजस्व संकलन समेत बृद्धि हुने ।

## संकलन प्रकृयामा सुधारको लागि

- ब्यापार व्यवसाय संचालन गर्ने ब्यापारीहरू सबै गाउपालिकामा दर्ता गराउन स्थलगत रूपमा कर्मचारी परिचालन वा साझेदारीमा ब्यवस्था ।
- सम्पत्ति करको दायरामा नआएका ब्यक्तिहरूलाई सम्पत्ति करको दायरामा ल्याउन अभिप्रेरित गर्ने गरी ब्यवस्था मिलाउनु ।
- राजस्व असुलीको अनुगमन टोलीहरू बनाई राजस्व असुली गर्ने र कर्मचारीहरूमाPerformance .Based Insentive System(PBIS) लागिु गर्ने ।
- राजस्व छली गर्ने करदाता तथा सहभागि हुने कर्मचारीलाई दण्ड तथा साजायको ब्यवस्था गर्ने ।
- राजश्व संकलन तथा परिचालन संग सम्बन्धित कर्मचारीहरूलाई नमूना राजस्व संकलन भएका गाउंपालिकाहरूको अबलोकन भ्रमण गराउने ।
- करदाताहरूलाई राजश्व तिर्ने सम्बन्धमा जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने ।
- कर दायरामा नसमेटिएका वस्तु तथा सेवाहरूलाई करको दायरामा समेट्न सरोकारवालाबाटआएका सुझावहरूलाई ग्रहण गर्ने ।

## संस्थागत सुधारको लागि

- कर राजस्व तथा सम्पत्ति करको रेकर्ड ब्यवस्थित गर्ने अर्थात ब्यवसायको प्रकृतिको आधारमा करदाताहरूको छुट्टा छुट्टै अभिलेख ब्यवस्थित गर्ने ।
- राजस्व शाखाको कार्यव्यवस्थापन र जिम्मेवारीको सुस्पष्टता र विज्ञतामा बृद्धि गर्ने ।
- राजस्व संकलन तथा अनुगमन टोलीहरू गठन गरी संकलन तथा अनुगमन गर्न लगाउने र उक्त सम्बनधमा प्रतिबेदन तथा सर्भे रिपोर्टहरूको लिखित अभिलेख ब्यवस्थापन गर्ने ।
- कर योग्य वस्तु तथा सेवाको कारोवारमागाउँपालिकाले उठाउन मिल्ने वस्तु तथा सेवाको कारोवार छुट्टिएको देखिए त्यस्ता कारोवारहरूलाई समेट्ने ।
- कर चुहावटको सूचना दिने ब्यक्तिलाई गोपनियता कायम राखी पुरस्कृत गर्ने ब्यवस्था मिलाउने ।

## नीतिगत कार्यबिधिहरू बनाउन

- राजस्व संकलन तथा परिचालनमा पारदर्शीतामा बृद्धि गर्नु पर्ने ।
- गाउपालिकाबाट प्रदान हुने सेवासुविधा गाउपालिकाको विकास निर्माणमाकरदाताको आवश्यकता संग Tie up हुने गरी पारदर्शी बजेट विनियोजन नीति बनाउने
- राजस्व संकलन कार्यविधी तथा कार्यतालिका बनाई प्रयोगमा ल्याउने ।
- कृषि, पशुपालन तथा पर्यटन क्षेत्रको प्रचुर सम्भावना भएको कारण सो क्षेत्रहरूको विकासको लागि आबश्यक भौतिक पूर्बाधार को विकास गर्नु र सो अनुसारको आय

आर्जन गर्न सकिने क्षेत्रमा  जनचेतनामा अभिबृद्धि गर्ने किसिमले नीतिगत ब्यवस्था मिलाउने ।

- गाउं सभाबाट परिवर्तित दर रेट पास गर्ने ।
- सार्वजनिक नीजि साझेदारीमा कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्ने ।
- पुरानो बक्यौता उठाउन को लागि विशेष कार्यविधि तथाकार्ययोजना बनाई कार्य अगाडि बढाउने

## राजस्व संकलनका अवसरहरू

स्थानीय बासीको रोजगारीको अवसर सृजना गरी आय आर्जन गर्न सक्षम बनाई ब्यापार ब्यवसाय, सास्कृतिक, धार्मिक ऐतिहासिक, प्राकृतिक श्रोत साधन तथा पर्यटकिय आधारमा आवश्यक पूर्बाधारहरू निर्माण गर्नसके स्थानीय जनताको जीवनस्तरमा अभिबृद्धि हुनुका साथै सेवा, शूल्क, दस्तुर को आधारमा राजस्व संकलन गर्न सकिन्छ ।

- राजधानी संग स्थलमार्ग मार्फत जोडिएको ।
- मन्दिर र प्रसस्त बन हरू रहनु ।
- साास्कृतिक दृष्टिकाणले गौरापर्व, होली जस्ता पर्वहरूले सुदूर पश्चिमाचंलको पहिचान दिने क्षेत्रहरू प्रबर्द्धन ।
- ऐतिहासिक दृष्टिकाणले धार्मिक स्थानहरू, मन्दिरहरू समेत रहेकोले धार्मिक पर्यटकहरूको सम्भावना ।

## राजस्व संकलनका समस्याहरू

- गाउंपालिका क्षेत्रमा घरेलु तथा साना उद्योगहरू तथा ब्यबसायिक पसलहरूनरहेको ।
- ब्यापार तथा उद्योगहरू संचालनमा आउन नसक्नु ।
- उच्च गरिवी दर हुनु, परम्परागत कृषि पद्दति हुनु ।
- स्थानीय कर तथा अन्य शुल्कहरूबाट संकलन भएको रकम विनियोजन पारदर्शी हुन नसक्नु ।
- करदातालाई करको महत्वको ज्ञान तथा प्रोत्साहनमा अभाव हुनु
- राजस्व तिर्ने करदातालाई प्रोत्साहनको अभाव हुनु ।
- सम्पत्तीकरको दायरामा ल्याउन नसक्नु ।
- ब्यापार ब्यवसाय संचालन गर्ने सवै ब्यापारीहरू गाउपालिकामा दर्ता नहुनु ।
- गाउँपालिकाबाट प्रदान हुने सेवा सुविधा रगाउँपालिकाको विकास निर्माणमा  करदाताको आवश्यकता संगTie upनहुनु ।
- कर राजस्वकाश्रोतहरूको पहिचान गर्न अध्ययनको अभाव ।
- गाउपालिकामा नक्शा पास गरी घर बनाउने प्रबृत्ती कमी हुनु ।
- राजस्व संकलन कार्यमा अनुगम भएको कुनै लिखित प्रतिबेदनहरू नरहुनु
- श्रोत परिचालनको क्षेत्रमा साझेदारहरूको पहिचान हुन नसकेको ।

- संभावित क्षेत्रहरूलाई प्रवर्द्धन गर्ने खालको कार्यक्रमको निर्माण र कार्यान्वयन हुन नसकेको आदि ।

## चुनौतीहरू

- ब्यापार गर्नेले पनि नियमित रूपमा कर नतिर्नु,
- ब्यपारीहरूको सही लगत तयार नहुनु,
- दक्ष जनशक्ति बाहिरिनु,
- आधुनिक कृषि पद्दति नहुनु
- राजश्व संकलन तथा परिचालन पारदर्शी हुन नसक्नु ।
- गरिबि

## अनुगमन तथा मूल्यांकन

गाउँपालिकाको राजश्व सुधार कार्ययोजनाले निर्धारण गरेको अपेक्षित उपलब्धी हासिल गर्न कार्ययोजनामा तय गरिएका कार्यनीति र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय राजश्व परामर्श समितिलाई बढी जिम्मेवारी बनाईनेछ । साथै स्थानीय राजश्व परामर्श समितिलाई सहजीकरण गर्न गाउँपालिका प्रमुखको संयोजकत्वमा राजश्व सुधार कार्ययोजनाको प्रगति सम्वन्धी अनुगमन गर्न एक अनुगमन तथा मूल्यांकन समिति गठन गरिनेछ ।

अनुगमन तथा मूल्यांकन समितिको संरचना देहायबमोजिम रहनेछ ।

| | |
|---|---|
| अध्यक्ष | संयोजक |
| उपाधक्ष्य | उपसंयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| प्रतिनिधी, उद्योग बाणिज्य संघ | सदस्य |
| प्रतिनिधि, नागरिक समाज वा टोल विकास संस्था | सदस्य |
| राजश्व शाखा प्रमुख | सदस्य सचिव |

उद्योग बाणिज्य संघ र नागरिक समाजको तर्फका प्रतिनिधित्व गर्ने सदस्यलाई यस समितिले निर्णय गरी सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ ।

कार्यपालिकाले आवश्यकता ठानेमा अन्य विषय विज्ञ व्यक्तिहरुलाई पनि आमन्त्रित सदस्यका रुपमा समितिमा राख्न वा समितिको बैठकमा बोलाई आवश्यक सल्लाह सुझाव लिन सक्नेछ । अनुगमन तथा मूल्यांकन समितिको बैठक कम्तिमा चौमासिक रुपमा बस्नेछ तर समितिले आवश्यकता ठानेमा आवश्यकता अनुसार जतिपटक पनि बैठक बस्न सक्नेछ । अनुगमन समितिले निम्नानुसार कार्य गर्नेछ ।

- राजश्व सुधार कार्ययोजनामा समाबेश भएका क्रियाकलापहरुकालागि आवश्यक पर्ने बजेटको व्यवस्थापका लागि आवश्यक कार्य गर्ने र गाउसभाबाट परित गराउने ।
- सबै क्रियाकलापहरुलाई अलग अलग रुपमा बजेट विनियोजन गर्न संभव नभएको अवस्थामा कार्ययोजना कार्यान्वयनका लागि एकमुष्ठ बजेटको माग गर्ने ।

- स्वीकृत कार्ययोजनामा समावेश भएका क्रियाकलाप छुट्याई जिम्मेवार सम्बद्ध शाखा/ /उपशाखाका कर्मचारीलाई जिम्मेवारी तोक्ने ।
- जिम्मेवार शाखा वा कर्मचारीले आफुसँग सम्बन्धित कार्यजिम्मेवारी पुरा गरे नगरेको अनुगमन गर्नु पर्नेछ ।
- जिम्मेवार शाखा/उपशाखा वा पदाधिकारीहरुबाट उनीहरुको जिम्मेवारी भित्रका क्रियाकलापको प्रगति विवरण चौमासिक रुपमा प्रमुख प्रशासकिय अधिकृत मार्फत संकलन गरी समिक्षा गर्ने ।
- अनुगमन तथा मूल्यांकन समितिबाट प्राप्त सुझावहरुलाई राजस्व परामर्श समितिमा वा कार्यपालिकाको बैठकमा पेश गरी आवश्यक कार्वाही गराउने ।
- राजश्व सुधार कार्ययोजनामा भएको क्रियाकलापहरुको कार्यव्यनको अवस्थाको समिक्षा गरी आवश्यक परेमा क्रियाकलाप संसोधन वा थप गर्न तथा जिम्मेवारीहरुको हेरफेर गर्नको लागि राजश्व परामर्श समिति समक्ष सिफारिस गर्ने ।

# सिगास गाउँपालिकाको
# राजश्व शाखाको संस्थागत सुधार (खाका) कार्य योजना २०७८।०७९

| क्र.स. | क्रियाकलापहरु | समय तालिका | | | जिम्मेवारी | स्थान | प्रमाणिकरणका साधनहरु/सूचकहरु | लगत | विद्यमान अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | | | | | |
| क | **राजश्व प्रशासन सम्बन्धी क्रियाकलापहरु** | | | | | | | | |
| १ | **राजश्व बृद्धि तथा व्यवस्थापन र सुचना व्यवस्थापन** | | | | | | | | |
| २ | बैकिंग पद्धती द्धारा कर संकलन कार्य संचालन | | | | राजश्व शाखा | | बिशेष राजश्वहरु | | हाल कार्यालयबाट नगद राजश्व असुली गरेको । |
| ३ | समयमै भवन निर्माण सुपरिबेक्षण र सम्पत्ती मुल्यांकन सम्बन्धि कार्य | | | | योजना तथा प्राबिधिक शाखा | | सम्पत्ती मुल्यांकन कार्य समयमै भएको हुनु पर्ने | | हाल प्रयाप्त मात्रामा गर्न नसकेको |
| ४ | राजश्व संकलन र व्यवस्थापनका लागि कर्मचारी क्षमता अभिबृद्धि | | | | गाउँकार्यपालिका | | राजश्व शाखामा कार्यरत कर्मचारीहरुको क्षमतामा अभिवृद्धि भएको | १,००,०००।- | राजश्व व्यवस्थापन सम्बन्धी सफ.टवयर संचालन गर्न नसकेको |
| ५ | गाउँपालिकाक्षेत्र भित्रका समाजसेवी, भद्र भलादमी,व्यवसायी, करदाता आदी संग नियमित अन्तरकृया गर्ने | | | | गाउँपालिका बोर्ड र राजश्व शाखा | | नियमित रुपमा मासिक बैठक | १,००,०००।- | हाल नगरेको । |
| ६ | वेबसाईट तयार गर्ने, पत्रपत्रिका प्रकाशन गर्ने र कर सम्बन्धि जागरण सूचना पार्टीहरु राख्ने/ विस्तार गर्ने | | | | राजश्व शाखा र सुचना केन्द्र | | गाउपालिकामा नियमित पत्रपत्रिका प्रकाशन जगरेको, बितरण जगरेको र सुचनाको उपलब्धता जरहेको | ३,००,०००।- | सामुदायिक रेडियो मार्फत विभिन्न जानकारीहरु प्रसारण नगरेको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | नागरिकहरुको सामाजिक तथा आर्थिक दायित्व सम्बन्धि बिशेष रेडियो तथा टी.भी कार्यक्रमहरु तयारी र प्रशारण गर्ने | | | | राजश्व शाखा र सुचना केन्द्र | | नियमित रुपमा रेडियो र टी.भीबाट प्रशारण नभएको | ८०,०००।- | नगरेको । |
| ८ | सिकाई आदानप्रदानका लागि गाउंपालिकाको अध्ययन अवलोकन भ्रमणहरुको आयोजना गर्ने | | | | गाउँपालिका बोर्ड | | बर्षिक रुपमा | ५०,०००।- | नियमित रुपमा संचालन नभएको |
| ९ | सचेतना सम्बन्धि कार्यक्रमहरु संचालन गर्ने | | | | गाउँपालिका बोर्ड | | बर्षको अन्तमा प्रदर्शनी भएको | ७५,०००।- | हाल नभएको |
| १० | मामिला र खर्च सम्बन्धि सहभागितात्मक योजना, बजेटिंग अनुगमन र मुल्यांकन गर्ने | | | | गाउँकार्यपालिका | | बुझाईको प्रतिशत सुधार भएको हुने | २,५०,०००।- | हाल नभएको |
| ११ | सूचना आदान प्रदान कार्यलाई सरकारी, गैरसरकारी तथा अन्य सरोकारवालाहरु बीचमा उत्साहका लागि जोड दिने | | | | | | जनताको सचेतना प्रतिशत बढेको | १,५०,०००।- | अप्रयाप्त |
| १२ | नागरिक गुनासो तथा सहकार्यताको पहिचान तथा पुरस्कृत | | | | | | | | |
| १३ | नागरिक गुनासो सुन्ने संयन्त्र निर्माण | | | | गाउँकार्यपालिका | | एकिकृत सेवा प्रवाह र स्रोत योजनाको उपलब्धता | | अप्रयाप्त |
| १४ | सेवाग्राही फोन सेवा सुबिधा सेलको निर्माण | | | | | | बिभिन्न संस्थाहरु बीचमा जानकारीको पहुँच बढेको तथा सुधारीएको | ५०,०००।- | गउ वासीमा अपनत्वमा कमी रहेको |
| १५ | पूर्वाधार विकासको लागि PPP सम्बन्धि पूर्ब सम्भाव्यता अध्ययन संचालन गर्ने | | | | | | संस्थाहरु बीचको सहकार्य प्रयासहरु सुधारीएको हुने | | समन्वय नभएको |
| १६ | क्षेत्रगत सरसफाई रणनैतिक योजना निर्माण तथा कार्यान्वयन गर्ने | | | | | | | | |
| १७ | सेवाग्राहीको सेवा सुधारको संस्कारको विकास | | | | गाउँकार्यपालिका | | कर्मचारी तथा करदाता पुरस्कृत हुनेको संख्या बढेको | ५०,०००।- | नियमित रुपमा नभएको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | ठेक्का पट्टा | | | | गाउँकार्यपालिका | | रणनैतिक योजना तयार भएको, फोहर उत्पादनको प्रतिशत घटेको, सफा सुग्घर शहरहरुको मात्रा आदी | | राजश्व संकलन नभएको |
| १९ | बिभिन्न सिफारीस दस्तुर आदी (दर्ता, नविकरण, प्रमाणित आदि | | | | गाउँकार्यपालिका | | संख्यामा अभिवृद्धि | १,००,०००।- | प्रयाप्त नभएको |
| २० | अचल सम्पत्ती मुल्यांकन सेवा शुल्क | | | | प्रशासन | | संख्यामा अभिवृद्धि | | प्रयाप्त नभएको |
| २१ | सार्वजनिक  निजी साझेदारी | | | | | | | | |
| २२ | जनशक्ति | | | | राजश्व शाखा | फिल्ड तथा कार्यालय | पर्याप्त भएको हुने | १,००,०००।- | पर्याप्त नभएको |
| २३ | कार्य कक्षको प्रयाप्तता | | | | राजश्व शाखा | | पर्याप्त भएको हुने | | पर्याप्त नभएको |
| २४ | फर्निचरको व्यवस्थापन | | | | राजश्व शाखा | कार्यालय | पर्याप्त भएको हुने | | पर्याप्त नभएको |
| २५ | कम्प्युटर | | | | राजश्व शाखा | | पर्याप्त भएको हुने | | पर्याप्त नभएको |

# स्थानीय तहको राजस्व अधिकारको तुलनात्मक विवरण

| विगतको व्यवस्था (स्थानीय स्वा.शा.ऐन र नियम बमोजिम) | | | हालको व्यवस्था (संविधान र अन्य प्रचलित संघीय कानून बमोजिम) | | |
|---|---|---|---|---|---|
| गाउँ विकास समिति | | | गाउँपालिका | | |
| करको क्षेत्र | करको आधार | कर रकम | करको क्षेत्र | करको आधार | कर रकम |
| १.घरजग्गा कर | पक्की घरमा त्यस्तो घरको तला, बनोट, क्षेत्रफल र घर रहेको स्थान | प्रति घर वार्षिक पाँच रूपैयादेखि पाँच सयसम्म | १. सम्पत्ति कर | घर र घरले चर्चेको जग्गा | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| २.मालपोत ( भूमिकर लगाइने जग्गामा मालपोत लगाइने) | जग्गाको किसिम (अब्बल, दोयम, सिम र चाहार) र उत्पादकत्व | परिषद् निर्णयले प्रति रोपनी रू. १। दखि रू. १०० सम्म र प्रटिकट्टा रू. १ देखि रू. ६५ सम्म | २. मालपोत | सम्पत्ति कर नलागेको जग्गा | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| ३.भूमिकर (क्षेत्र निर्धारण गाउँ परिषद्को सिफारिसमा जिल्ला परिषद्ले गर्ने) | भूमिको उत्पादकत्व वा व्यापारिक, आवासीय, सामुदायिक, गुठी, कृषि वा वन आदि उपयोगिता | परिषद्को स्वीकृतिले प्रति रोपनी रू. १५ देखि ४०० सम्म र प्रति कठ्ठा रू. १० देखि रू. २६० सम्म | ३. भूमिकर | सम्पत्ति कर नलागेको जग्गा | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| ४.हाट, बजार, पसल कर | हाट बजारमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं पसल कर | परिषद्ले निर्धारण गरे बमोजिमको दररेटमा | ४. सेवाशुल्क | आफैले निर्माण, संचालन वा व्यवस्थापन गरेको पूर्वाधार वा उपलब्ध गराएको सेवामा | सभाले स्वीकृत गरेको कानुनमा तोएिक बमोजिम |
| ५.सवारी साधन कर (वार्षिक) | (क) बस, ट्रक, लरी र अन्य हेभी गाडी<br>ख) भाडाका कार , जीप | एक हजार देखि तीनहजार रूपैयाँ दुईसयदेखि पाँचसय एकसयदेखि तीनसय | ५. सवारी साधन कर ( वार्षिक) | रिक्सा, टाँगा, ईरिक्सा, अटोरिक्सा, अन्य | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम प्रदेश कानून बमोजिम |

| | | | | | |
|---|---|---|---|---|---|
| | ग) भाडाको टेम्पो<br>घ) भाडाको मिनीबस<br>ङ) निजी कार, टेम्पो, मिनीबस<br>च) स्कुटर, मोटरसाइकल, तथा अन्य सवारी<br>छ) ठेलागाडा तथा रिक्सा (एक गाविसले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्को लिन नपाउने) | पाँचसयदेखि तीनहजार एकसय रूपैयादेखि तीनसय सम्म पचास रूपैयादेखि दुई सय सम्म, पन्ध्र रूपैयादेखि पच्चीस रूपैयासम्म | | सवारी साधनमा | |
| ६.विदेशी सवारी साधनमा कर (पहिलो प्रवेश गर्दा बढीमा तीस दिन मात्र) | (१) मोटरसाइकल, स्कुटर<br>(२) मोटर, कार, जीप, भ्यान<br>(३) ट्रक, लहरी, बस, कन्टेनर, डोजर, रोलर | (१) प्रतिदिन बीस रूपैयाँ<br>(२) प्रतिदिन पचास रूपैयाँ<br>(३) एकसय एक रूपैयाँ | ६. घरजग्गा बहाल कर, | भाडामा लगाएको घर र जग्गा ( प्राकृतिक व्यक्तिको) | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| ७.पटके सवारी कर (आफैंले बनाएको वा हस्तान्तरण भइ आएको एक किलोमिटरभन्दा बढीको ग्राभेल वा पीच सडकमा) | (१) निजी तथा भाडाका बस, ट्रक र ट्रैक्टर<br>(२) मिनीबस<br>(३) निजी तथा भाडाका कार र टेम्पो<br>(४) अन्य सवारी साधनमा ( राजमार्ग तथा सहायक राजमार्गमा र बार्षिक सवारी कर तिरेका सवारी साधनमा पटके सवारी कर लगाउन नपाइने) | (१) पाँच रूपैयादेखि बीस रूपैयासम्म<br>(२) पाँच देखि दस रूपैया<br>(३) पाँच रूपैयादेखि दस रूपैया सम्म<br>(४) पाँच रूपैयासम्म | ७. जडीबुटी, जीवजन्तु, कवाडी कर | ऊन, खोटो, जडिबुटी, वनकनस, कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | उपयोग गरे बापत | |
| ८.मनोरञ्जन कर | (क) सिनेमाहल, भिडियोहल, सांस्कृतिक प्रदर्शनहल, थियटर संगीत तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा<br>(ख) जादू, सर्कस, चटक आदिमा प्रति दिन | (क) दुई देखि पाँच प्रतिशत सम्म<br>(ख) दुईसय रूपैयादेखि पाँच सय रूपैयासम्म | ८. मनोरञ्जन कर | प्रदेश कानून बमोजिम | प्रदेश कानून बमोजिम |
| ९.बहाल बिटौरी कर | (क) पर्ती, ऐलानी जग्गामा आफैले टहरा, छाप्रा निर्माण गरी रेखदेख सञ्चालन गरेको अस्थायी पसल वा अवासको लागि उपलब्ध गराएकोमा<br>(ख) खाली रहेको पर्ती, एलानी जग्गामा व्यक्ति विशेषले आफै छाप्रा, टहरा निर्माण गरी वा नगरी हाटबजारक्षेत्र वा सडक छेउका जग्गामा पसल वा अन्य कुनै व्यवसाय गरी बसेको भए | (क) प्रति टहरा, छाप्राको मासिक पचास रूपैयादेखि एक हजार रूपैयासम्म मासिक<br>(ख) प्रति वर्ग फिट एक रूपैयादेखि दशरूपैयासम्म मासिक | ९. बहाल बिटौरी कर | आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| १०. विज्ञापन कर | गाविसको हकभोगको घर जग्गा वा सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राख्नेलाई | वार्षिक दुई सय रूपैयादेखि एकहजार रपैयासम्म | १०. विज्ञापन कर | प्रदेश कानून बमोजिम | प्रदेश कानून बमोजिम |
| ११.व्यवसनय मर (वार्षिक) | व्यवसायको वगीकरणका आधारमा | रू. पच्चीस रूपैया देखि दशहजारसम्म | ११. व्यवसाय कर (वार्षिक | व्यवसायको लगानी र आर्थिक कारोवारको आधारमा | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |

| | | | | | |
|---|---|---|---|---|---|
| १२.व्यावसायिक भिडियो कर | व्यावसायिक रूपमा भिडियोबाट चलचित्र देखाउनेलाइ | वार्षिक एक सय रूपैयादेखि एक हजार रूपैयासम्म | हाल नरहेको | | |
| १३.प्राकृतिक स्रोत उपयोग कर | जिविसको कर दायराभित्र नपरेका प्राकृतिक स्रोत व्यावसायिक रूपमा उपयोग गर्ने व्यवसाय, उद्योग,फर्म, कम्पनी वा व्यक्तिबाट | बढीमा एक हजार रूपैयासम्म | १३. प्राकृतिक स्रोत बिक्री | ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री | संघ, प्रदेश र स्थानीय कानून बमोजिम |
| १४.स्थानीय संकलन र संचय कर | उद्योग व्यवसायीले संकलन केन्द्र स्थापना गरी स्थानीय तहमा उत्पादित वस्तु संचय र संकलन गरेमा | वार्षिक एक सय रूपैयादेखि एक हजार रूपैयासम्म | हाल नरहेको | | |
| १५.सिफारिस दस्तुर | १. अचल सम्पत्ति मूल्यांकन वापत प्रति सिफारिस<br>२. अन्य विषयका सिफारिस वापत प्रति सिफारिस | १. एक सयदेखि एक हजारसम्म<br>२. पाँच रूपैयादेखि एकसय रूपैयासम्म | १५. सिफारिस दस्तुर | सबै किसिमका सिफारिसहरू | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| १६. नक्सा पास दस्तुर | भवनको किसिम र क्षेत्र अनुसार | दुई हजारसम्म | १६. नक्सा पासदस्तुर | भवनको किसिम अनुसार | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |

# आ.ब. ०७८।०७९ मा देहाय बमोजिमको आर्थिक ऐन तयार गर्न श्री सिगास गाउँपालिकालाई प्रस्ताव गरिएको छ

# आर्थिक ऐन, २०७८

नगरसभाबाट स्वीकृत मितिः ......... गते

**प्रस्तावनाः**

सिगास गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनगर्नको निमित्तकर तथाशुल्क संकलनगर्ने, कर घटाउने,बढाउने,छुट दिने तथा राजश्व प्रशासन सम्बन्धमा आवश्यक कानुनी व्यवस्थागर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सिगास गाउँपालिकाको पाँचौ नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भः**(क) यस ऐनको नाम**"आर्थिक ऐन, २०७८"** रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गते देखि सिगास गाउँपालिका क्षेत्रमा लागु हुनेछ । २. परिभाषाः विषय तथा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "ऐन" भन्नाले सिगास गाउँपालिकाको आर्थिक ऐन २०७८, सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" सिगास गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ग) गाउँपालिका भन्नाले सिगास गाउँपालिका लाई सम्झनुपर्दछ।

(घ) "फर्म" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको वा नभएको जुनसुकै फर्म सम्झनुपर्दछ।

(ङ) "ब्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नु पर्ने जुनसुकै ब्यक्ति सम्झनुपर्दछ।

(च) "सभा" भन्नाले सिगास गाउँपालिकाको गाउँसभा सम्झनुपर्छ।

(छ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्दछ।

**३.सम्पत्तिकर :** गाउँपालिका क्षेत्र भित्र अनुसुची–१ मा उल्लेख भए बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिने छ ।

४. **भुमि कर (मालपोत)** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भुमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

**५. घर वहाल करः**गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि-३ बमोजिम घर जग्गावहाल कर लगाइने र असूल गरिनेछ ।

**६. व्यवसाय करः**गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि- ४ बमोजिम व्यवसाय कर लगाइने र असूलउपर गरिनेछ ।

**७.जडीबुटी,कवाडी र जीवजन्तु कर :**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे बापत अनुसूची-५ कमोजिम जडीबुटी, कवाडी र जीवजन्तु करलगाइने र असूल उपर गरिनेछ ।

**८. सवारी साधन कर:**गाउँपालिका क्षेत्रभित्रदर्ता भएका सवारी साधनमा अनुसूचि- ६ बमोजिम सवारी साधन कर लगाइने र असुलउपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९. विज्ञापन कर:**गाउँपालिका क्षेत्रभित्रहुने विज्ञापनमा अनुसूचि-७बमोजिम विज्ञापन करलगाइने र असूलउपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमाअन्यथाव्यवस्थाभएको अवस्थामा सोहि बमोजिमहुनेछ ।

**१०.मनोरन्जन कर:**गाउँपालिका क्षेत्रभित्रहुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि- ८ बमोजिमव्यवसाय कर लगाइने र असुलउपर गरिनेछ ।

**११.बहाल बिटौरी शुल्क:**गाउँपालिका क्षेत्रभित्रआफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूचि-९ माउल्लेख भएअनुसार हाट बजार वापसलमा सोही अनुसूचिमाभएको व्यवस्थाअनुसार बहाल बिटौरी शुल्कलगाइने र असूलउपर गरिनेछ ।

**१२.पार्किङ शुल्क:**गाउँपालिका क्षेत्रभित्रकुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि- १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३.सेवा शुल्क, दस्तुर:**गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनूसूचि- ११ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४.पर्यटन शुल्क :**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची-१२ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५.नदीजन्य पदार्थ (ढुंगा, गिट्टि, बालुवा, आदी) बिक्री कर** : यस गाउँपालिका क्षेत्र भित्र भएर बग्ने, IEEगरेका र घाटगद्दि तोकीएका नदी⁄खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा, भरान, ग्राभेल र माटो आदीमा अनूसुची १३ मा उल्लेख भए बमोजिम बिक्री कर लगाईने तथा असुल गरीनेछ ।

**१६. सामुदायिक बनबाट प्राप्त आय** : यस गाउँपालिका क्षेत्रभित्रका सामुदायिक बनका उपभोक्ता समितिले आफ्नो सामुदायिक बनको कुल आम्दानीको १० प्रतिशतका दरले हुन आउने रकम यस गाउँपीलकाको संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

१७.दर घटाउन, बढाउन वा छुट दिन सक्ने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क र करको

दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करको दर घटइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष गाउँ सभामा पेश गर्नु पर्ने छ ।

(३) उपदफा (२) बमोजिम दिइएको पूर्णवा आंशिक कर घुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महसुलर कर रकम असुलउपर गरी सो रकम बराबर जरिवाना गरिनेछ ।

**१८. कर तथाशुल्क संकलन सम्बन्धि कार्यविधि:**यो ऐनमा भएको व्यवस्थाअनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूचि - १,

## दफा ३ सँग सम्बन्धित, सम्पत्तिकर (घर करका दरहरु)

सम्पत्ति कर लागु गर्ने तयारी पुरा नभएको आ. व. २०७८/०७९ मा घरकरका रुपमा लिने ।
(क) न्युनतम घरकर रु. ३०

(ख) भित्ता, तुङ्गा र काठले बनेको माटोगो जोडाई गएको छाना जस्तापाता या मिलेटले छाएको घरको प्रति बर्ष रु ४०

(ग) भित्ता ढुङ्गा र काठले बनेको सिमेन्टको प्लास्टर भएको छाना जस्तापाता या मिलेटले छाएको घरको प्रति बर्ष रु ५० (घ) भित्ता ढुङ्गा र काठले बनेको सिमेन्टको प्लास्टर भएको छत ढलान गरेको एकतले प्रतिवर्ष रु १०० प्रति तला रु. २५ थप

## अनुसूचि २

## दफा ४ संग सम्बन्धित भुमि कर (मालपोत) दरहरु

| क. सं. | अब्बल | दोयम | सिम | चाहार | कैफियत |
|---|---|---|---|---|---|
| १ | रु ७ | रु ६ | रु ५ | रु ४।५ | |

| क.सं. | अब्बल | दोयम | सिम | चाहार | कैफियत |
|---|---|---|---|---|---|
| १ | रु ६ | रु ५ | रु ४।५ | रु ४ | |

## अनुसूचि-३,
## दफा ५ संग सम्बन्धित,घर बहाल कर

१) गाउपालिकाले आफ्नो क्षेत्रेत्रभित्र लगाउन सक्ने बहाल करको दर आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, जग्गा, वा पोखरी पूरै वा आंशिक रूपमा बहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल रकमको १० प्रतिशत सम्म ।

## अनुसूचि-४,
## दफा ६ संग सम्बन्धित,ब्यवसाय कर

१) सिगास गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वार्षिक रूपमा लगाउन सक्ने ब्यवसाय करको दर

| | | | |
|---|---|---|---|
| १ | चिया, नास्ता, पसल, बजार, ग्रामिण | १०००/५०० | ५००/२५० |
| २ | खोका, छाप्रा बजार/ ग्रामिण | ० | ३६५ |
| ३ | किराना पसल ग्रामिण क्षेत्र | १५००/७५० | १००/५०० |
| ४ | तरकारी फलफूल पसल बजार/ग्रामिण | १०००/५०० | २५०/१२५ |
| ५ | सिलाई पसल बजार | १०००/५०० | ५००/२५० |
| ६ | कपडा पसल फैन्सी बजार/ ग्रामिण | २०००/१००० | १०००/५०० |
| ७ | कपडा पसल रेडिमेड बजार /ग्रामिण | २०००/१००० | १०००/५०० |
| ८ | भाँडा बर्तन पसल बजार/ ग्रामिण | १००/५०० | ५००/२५० |
| ९ | स्टेशनरी बजार/ग्रामिण | १०००/५०० | ५००/२५० |
| १० | इलेक्ट्रोनिक पसल बजार/ ग्रामिण | २०००/१००० | १०००/५०० |
| ११ | कम्प्युटर पसल बजार/ग्रामिण | २०००/१००० | १०००/५०० |
| १२ | मोबाइल ग्यालरी बजार/ग्रामिण | १०००/५०० | ५००/२५० |
| १३ | सुनचाँदी पसल बजार/ग्रामिण | १०००/५०० | ५००/२५० |
| १४ | सप्लायर्स/हार्डवेयर बजार/ग्रामिण | २०००/१००० | १०००/५०० |
| १५ | फोटो स्टुडीयो बजार/ग्रामिण | १०००/५०० | ५००/२५० |
| १६ | कपाल काटने नाई पसल | ५०० | २५० |
| १७ | बधशाला बजार/ग्रामिण | २०००/१००० | १०००/५०० |
| १८ | माछा बिक्रि पसल बजार/ग्रामिण | १०००/५०० | ५००/२५० |
| १९ | सिरक डसना बजार/ ग्रामिण | १०००/५०० | , ५००/२५० |
| २० | पसल बजार/ ग्रामिण | २५००/१२५० | १५००/७५० |
| २१ | औषधीपसल बजार /ग्रामिण | १०००/५०० | ५००/२५० |
| २२ | कृषि एग्रोभेट/पशुबजार | १०००/५०० | ५००/२५० |
| २३ | ल्याब पसल बजार /ग्रामिण | १०००/५०० | ५००/२५० |

| | | | |
|---|---|---|---|
| २४ | मदिरा थोक | ५०००० | २०००० |
| २५ | मदिरा फुटकर | २५००० | ५००० |
| २६ | माइक्रो हाइड्रो | ३००० | १५००० |
| २७ | एफ. एम. सञ्चालन | ५००० | १५००० |
| २८ | नेपाल सरकारको पुर्ण स्वामित्व रहेको बैङ्क बाहेक आर्थिक कारोबार गर्ने बैङ्क | | |
| २९ | क बर्ग | | १५००० |
| ३० | ख बर्ग | | १२००० |
| ३१ | ग बग | | १०००० |
| ३२ | घ बर्ग | | ८००० |
| ३३ | सहकारी बैङ्क | | ५००० |
| ३४ | बिमा कम्पनी | | ५००० |
| ३५ | पेट्रोल डिजेल फुटकर बिक्री | १००० | ५०० |
| ३६ | प्लास्टिक भाँडा बर्तन | १००० | ५०० |
| ३७ | पेन्ट पसल | १००० | ५०० |
| ३८ | सामान्य हार्डवेयर | १००० | ५०० |
| ३९ | घडी टि भि मोबाइल मर्मत | १००० | ५०० |
| ४० | कुखुरा बंगुर बाख्रा पालन | १००० | ५०० |
| ४१ | साइन बोर्ड वा पेन्टिङ्ग पसल | १००० | ५०० |
| ४२ | फोटोकपी पसल | ५०० | २५० |
| ४३ | कम्प्युटर इन्स्टिच्युट | २००० | १५०० |
| ४४ | सञ्चार सेवा वा इन्टरनेट | १००० | १००० |
| ४५ | निर्माण ब्यवसायी इजाजत पत्र | १५००० | ५००० |
| ४६ | क. प्रतिलिपी | ५०० | |
| ४७ | ख. इजाजत पत्र संसोधन | २००० | |

१। यस गाउपालिका क्षेत्र भित्रका व्यापारीहरूले गाउँपालिकामा आफ्नो व्यवसाय दर्ता र नविकरण नगरेका व्यापारीहरूलाई व्यवसाय दर्ता र नविकरण गर्न लगाउने कार्यकालागि निज व्यापारीहरूले बिगतमा आन्तरिक राजश्व कार्यालय वा अन्य निकायमा दर्ता गरेको प्रमाणलाई आधार मानि आ.ब. ०७८/०७९ को पौष महिना सम्म आ.व. ०७६/०७७ सम्मको वक्यौता जरिवानामा ६० प्रतिशत छुट दिने । तोकिएको म्याद भित्र पनि ब्यवसाय कर बुझाउन नआएमा प्रति बर्ष १० प्रतिशतका दरले जरिवाना गर्ने ।

२। व्यावसाय कर बुझाउने सम्वन्धमा व्यावसाय कर बुझाउने म्याद प्रत्येक आ.व.को अशाढ मसान्त सम्म बुझाई सक्नु पर्ने छ ।

## अनुसूचि- ५,दफा७ संग सम्बन्धित,कवाडी कर

पुन: प्रयोग हुने कवाडी सामानहरूमा लाग्ने करको दर रेट

| क्र.स | नाम | इकाई | दर | |
|---|---|---|---|---|
| | | | रू. | पैसा |
| १ | खाली सिसी वियर | प्रति गोटा | १ | |
| २ | खाली सिसी मदिरा र अन्य (५०० एम.एल भन्दा माथी) | प्रति गोटा | | ५० |
| ३ | खाली सिसी मदिरा र अन्य (५०० एम.एल भन्दा तल) | | | ३० |
| ४ | प्लाष्टिक (झोला र दुधको थैला वाहेक) | प्रति के.जी | ३ | |
| ५ | खाली बोरा | | | |
| क | १०० के.जी खाद्यान्न अट्ने जुटका बोरा | प्रति गोटा | १ | |
| ख | ५० के.जी खाद्यान्न अट्ने जुटका बोरा | प्रति गोटा | | ५० |
| ग | ५० के.जी भन्दा बढी खाद्यान्न अट्ने प्लाष्टिकका बोरा | प्रति गोटा | | ५० |
| ६ | तेलको टिन | | | |
| क | ठुलो १० लि. भन्दा बढी अट्ने | प्रति के.जी | १ | |
| ख | सानो १० लि. भन्दा कम अट्ने | प्रति के.जी | | ५० |
| ७ | हल्का पेय पदार्थ खाली सिसी | | | |
| क | ५०० एम. एल भन्दा माथी | प्रति गोटा | | ४० |
| ख | ५०० एम. एल भन्दा तल | प्रति गोटा | | २० |
| ८ | पुराना कागज | | | |
| क | अखबार | प्रति के.जी | ३ | |
| ख | अन्य कागज | प्रति के.जी | ३ | |
| ९ | धातुका कवाडी सामानहरू | | | |
| क | फलाम | प्रति के.जी | २ | |
| ख | अन्य धातुका-पित्तल तामा आदि | प्रति के.जी | १० | |
| १० | पोलिथिन पादईपका टुक्राहरू | प्रति के.जी | ३ | |
| ११ | पराल बाटबनेका पुरानो सामान वा पराल | प्रति के.जी | | ५० |
| १२ | सिसा (लिड) को धुलो र टुक्रा | प्रति के.जी | २ | |
| १३ | जस्तापाता | प्रति के.जी | ५ | |
| १४ | जस्ताको धुलो | | ५ | |
| १५ | झिण्डु (उनको टुक्रा) | प्रति के.जी | २ | |
| १६ | पुरानो ब्याट्री | प्रति के.जी | ५ | |
| १७ | गारमेन्टको कपडाको टुक्रा | प्रति के.जी | २ | |
| १८ | जलेको मोविल | प्रति लि. | २ | |
| १९ | जुट र प्लाष्टिकका पुन: प्रयोग हुन नसक्ने बोराहरू | प्रति के.जी | १ | |
| २० | कार्पेटका टुक्राहरू | प्रति के.जी | २ | |
| २१ | टायर ट्युब | प्रति के.जी | २ | |
| २२ | थोत्रो टिन | प्रति के.जी | २ | |
| २३ | पुरानो ड्रम | प्रति के.जी | ४ | |
| २४ | पुरानो टायर ट्युव (साईकलको) | प्रति गोटा | १ | |
| २५ | कागजको झुरा | प्रति के.जी | २ | ५० |
| २६ | प्लाष्टिकको जुत्ता, चप्पल र पुरानो प्लाष्टिक टुक्रा | प्रति के.जी | ३ | |
| २७ | प्लाष्टिकको थैली, झिल्ली, पोलिथिन ईत्यादी | प्रति के.जी | ३ | |
| २८ | गत्ता | प्रति के.जी | ३ | |
| २९ | टायर | प्रति के.जी | २ | |
| ३० | टायरको बुराद | प्रति के.जी | १ | |

| जडिबुटी व्यवसाय | दर्ता शुल्क | बार्षिक कर |
|---|---|---|
| (खोटो, अमला, हर्रो बर्रा, रिठो, सिस्नु, दालचिनि पत्ता, सिमजडी, ओखर, सतुवा, केरा, सुन्तला, आमिला, तिमुर, भिणेति, कुरिलो, भ्याउ, तिते, बोक्रा, च्याउँ) व्यवशाय (खसि बाखा, राँगा, भैसी, गोरु, बङ्गुर, हाँस, कुखुरा, मह, दलहन, खच्चर, माछा मार्ने जाल) | ५००० | ५०० |

## अनुसूचि- ६,
## दफा ८ संग सम्बन्धित,सवारी साधन कर

१)सिगास गाउपालिकाले आफ्नो क्षेत्रेत्रभित्र लगाउन सक्ने सवारी साधन करको दर तल उल्लेखित दरमा तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएमा सोहि बमोजिम हुनेछ ।

| सि.न. | बर्षिक सवारी कर | दर्ता शुल्क | बार्षिक कर |
|---|---|---|---|
| १ | बस,ट्रक,लरी र अन्य हेभी गाडी | १५०० | १००० |
| २ | कार, टेम्पो,ट्रेक्टरर मिनि बस | १००० | ५०० |
| ३ | स्कुटर,मोटरसाईकलतथा अन्य सवारी साधनमा | ५०० | ५० |
| ४ | अटो रिक्सा वा बिदुतिय रिक्सा | १००० | ५०० |

## अनुसूचि-७,
## दफा ९ संग सम्बन्धित,बिज्ञापन कर

१)सिगास गाउपालिकाले आफ्नो क्षेत्रेत्रभित्र लगाउन सक्ने विज्ञापन कर तल उल्लेखित दरमा तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएमा सोहि बमोजिम हुनेछ ।

| व्यवशायको विवरण | बार्षिक कर |
|---|---|
| होडिङ्ग बोर्ड कर प्रति बर्ग फिट | |
| ब्यानर प्रति गोटा | २० |
| भित्ते लेखन प्रति बर्गमिटर | २० |
| साइन बोर्ड पोस्टर टाँस्ने प्रति बर्ग मिटर | ४० |

नोट : नेपाल सरकार वा जनचेतनामूलक माईकिङमा विज्ञापन कर लाग्ने छैन ।

अनुसूचि- ८,

दफा १०संग सम्बन्धित,मनोरन्जन कर

सिगास गाउपालिकाले आफ्नो क्षेत्रेत्रभित्र लगाउन सक्ने मनोरन्जन कर प्रदेश कानुनले तोको बमोजिम हुने ।

## अनुसूचि- ९,

## दफा ११संग सम्बन्धित,बहाल बिटौरी कर

सिगास गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने बहाल बिटौरी शुल्कको दर

| बिवरण | दर |
|---|---|
| हाट बजार मेला प्रति पसल | १००। |

अनुसूचि- १०,

दफा १२ संग सम्बन्धित,पार्किङ्ग शुल्क

१) सिगास गाउँपालिकालेबस बिसौनीमा आउने /जाने  तथा पार्किङ्ग गरेका सवारी साधनको शुल्क ।

| सि. नं. | ब्यवशायको विवरण | दर |
|---|---|---|
| १ | जिप कार प्रति दिन | ५० |
| २ | ट्रक बस वा ठुला सवारी साधन प्रति दिन | १०० |
| ३ | मोटर साइकल | २० |

अनुसूचि- ११,

दफा १३ संग सम्बन्धित,ट्रेकिङ्ग, कोयोकिड, क्यानोइड, बन्जी, र र्याफ्टङ्ग शुल्क

| सि.नं. | ब्यवशायको विवरण | दर |
|---|---|---|
| १ | र्र्याफ्टङ्ग प्रति ब्यक्ति | १०० |

अनुसूचि- ११,

दफा १३ संग सम्बन्धित,सेवा शुल्क दस्तुर

| सि.न. | विवरण | दस्तुर |
|---|---|---|
| १ | नाता प्रमाणित लेटर प्याडमा | १०० |
| २ | नाता प्रमाणित सार्वजनिक मुचुल्का सहित | ५०० |
| ३ | नागरिकता सिफारिस | १०० |
| ४ | नागरिकता प्रतिलिपि सिफारिस | १५० |
| ५ | बहाल करको लेखाजोखा सिफारिस | १०० |
| ६ | बन्द घर तथा कोठा खोल्ने रोहबर | २५० |

| | | |
|---|---|---|
| ७ | मोही लगतकट्टाको सिफारिस | २५० |
| ८ | असत्त, असहाय तथा अनाथको पालन पोषणका लागि सिफारिस | नि:शुल्क |
| ९ | बैबाहिक अंगिकृत नागरिकता सिफारिस | ५००० |
| १० | आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धि सिफारिस | २५० |
| ११ | विद्यालय ठाउँसारी गर्ने सिफारिस | ५००० |
| १२ | धारा तथा बिद्युत जडानको लागि सिफारिस | ५०० |
| १३ | प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने | २५० |
| १४ | संघ संस्था सिफारिस | १००० |
| १५ | संघ संस्था नविकरण | १००० |
| १६ | कृषि पशु व्यवशाय सिफारिस | ३०० |
| १७ | बन्दुक नविकरण | ६०० |
| १८ | घर बाटो प्रमाणित | ३०० |
| १९ | घरको नक्शा पास तथा भवन निर्माण आचार संहिता २०७२ | |
| २० | बनिसकेको घर (प्रति बर्ग मिटर) | ५० पैसा |
| २१ | निर्माणाधीन घर(प्रति बर्ग मिटर) | २५ पैसा |
| २२ | नयाँ बनाउने घर(प्रति बर्ग मिटर) | २५ पैसा |
| २३ | हल भाडा प्रतिदिन | ५०० |
| २४ | प्रोफाइल बिक्री | १००० |
| २५ | बुफर भाडा | ५०० |
| २६ | प्रोजेक्टर भाडा | १०० |
| २७ | एकाघर सगोल सिफारिस | २५० |
| २८ | अशिंयार प्रमाणित | २५० |
| २९ | व्यक्तिगत घटना दर्ता | ५० |
| ३० | बसोवास प्रमाणित | २५० |
| ३१ | नस्सा पास किताव | ५०० |
| ३२ | नक्सा पास नामसारी | ५०० |
| ३३ | नक्सा पास प्रतिलिपी प्रमाणित | ५०० |
| ३४ | नक्सा पास सर्जमिन सुचना | २५० |
| ३५ | नक्सा पास घर प्रमणित | १००० |

| | | |
|---|---|---|
| ३६ | सहकारी सिफारिस दस्तुर | १००० |
| ३७ | विनियम संसोधन | ५०० |
| ३८ | कार्यक्रम विस्तार | १००० |
| ३९ | लेखा परिक्षण सिफारिस | ५०० |
| ४० | घर जग्गा करको लेखाजोखा | १०० |
| ४१ | जन्ममिति प्रमाणित नेपालीमा/अङ्ग्रेजीमा | १००/२५० |
| ४२ | ब्यापार ब्यवशाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार ब्यवशाय हुदै नभएको सिफारिस | ५०० |
| ४३ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणितनेपालिमा/ अङ्ग्रेजीमा | १००/२५० |
| ४४ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचारको  सिफारिस गर्न | निशुल्क |
| ४५ | वडा बाट जारी हुने सिफारिस तथा अन्य कागजात लाई अग्रेजिमा सिफारिस तथा प्रमाणित | २५० |
| ४६ | घर पाताल प्रमाणित गर्ने सिफारि | २५० |
| ४७ | ब्यक्तिगत बिवरण प्रमाणित | २५० |
| ४८ | जग्गाधनी दर्ता प्रमाण पुर्जामा घर कायम गर्ने सिफारिस | २५० |
| ४९ | कुनै ब्यक्तिको नामथर जन्ममिति तथा बतन फरक फरक भएको भए सो ब्यक्ति एकै हो भन्ने सिफारिस | १०० |
| ५० | नाम थर, जन्ममिति संसोधनको सिफारिस | १०० |
| ५१ | जग्गाधनी दर्ता प्रमाण पुर्जा हराएको सिफारिस | २०० |
| ५२ | कित्ताकाट गर्ने सिफारिस | १५० |
| ५३ | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र ब्यक्तिगत | २००० |
| ५४ | जिवित सङ्गको नाता प्रमाणित गर्ने | २०० |
| ५५ | मृतक संगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस | ३०० |
| ५६ | जिवित रहेको सिफारिस गर्ने | २०० |
| ५७ | हक वाला वा हकदार प्रमाणित गर्ने | २५० |
| ५८ | नामसारी गर्ने सिफारिस | २५० |
| ५९ | जग्गाको हक सम्बन्धमा सिफारिस | २५० |
| ६० | उद्योग ठाउँसारी गर्ने सिफारिस | ५०० |
| ६१ | आधारभूत बिद्यालय खोल्न सिफारिस (सामुदायीक तथा संस्थागत) | १५००/५००० |
| ६२ | ५०० सम्पत्ती सम्बन्धी मुल्याङ्कन सिफारिस गर्ने प्रतिहजार (स्वदेशी र बिदेशी) | प्रतिहजार ५०पैसा । प्रतिहजार रु १ |

| | | |
|---|---|---|
| ६३ | बिद्यालय कक्षा थप गर्ने सिफारिस (सामुदायीक तथा संस्थागत) | प्रति कक्षा ५००/ प्रति कक्षा १००० |

## अनुसूचि- १२,
## दफा १४ संग सम्बन्धित,पर्यटन शुल्क

१) सिगास गाउपालिकाले आफ्नो क्षेत्रेत्रभित्र लगाउन सक्ने पर्यटन शुल्क प्रदेश कानुनले तोको बमोजिम हुने ।

## अनुसूचि- १३
## दफा १५ संग सम्बन्धित
## नदीजन्य पदार्थको बिक्री कर

(१) ढुंगा,गिट्टी,बालुवा,भरान,ग्राभेल आदीको बिक्रीमा प्रति घन मिटर रू.७५। (भ्याट बाहेक)
(२) माटोमा प्रति घन मिटर रू.३०। (भ्याट बाहेक) लिने